का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ चैत २०८१,
शुक्रबार
4 April, 2025
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २३, अंक ६१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# विषाक्त भयो वायु




**निमिष झा/मध्यान्ह**
काठमाडौं, २१ चैत ।

काठमाडौं उपत्यकालगायत देशका विभिन्न भेगमा वायु प्रदूषण बढेको छ । विज्ञहरूले अहिले देखिएको खराब वायु गुणस्तर हेर्दा सन् २०२१ कै जस्तो निकै खराब अवस्था दोहोरिने जोखिम देखिएको बताएका छन् ।

सन् २००२ देखि नेपालमा डढेलोको विवरण राख्न थालिएकामा सन् २०२१ मा सबैभन्दा धेरै डढेलो देखापरेको थियो । त्यस वर्ष ३० मार्चदेखि २ अप्रिलसम्म आपत्कालीन अवस्था महसुस गर्दै विद्यालयहरू बन्द गरिनुका साथै धेरै उडानहरू रद्द भएका थिए ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का अनुसार हालको अवस्थामा सुधार हुन कम्तीमा अझै १ साता लाग्ने छ । विज्ञहरू १ सातासम्म वर्षा हुने सम्भावना नदेखिएको अवस्थामा तत्कालै सुधार आउन कठिन रहेको बताउँछन् । पानी परेमा प्रदूषित वायु कम हुँदै जाने >>> पृष्ठ २ मा

### किन बढ्यो प्रदूषण ?

अधिकारीहरूका अनुसार नेपालमा हिउँद तथा सुख्खा याममा प्रायः वायु प्रदूषण बढ्ने गर्छ ।

सवारी साधनबाट हुने वायु प्रदूषण, निर्माण कार्यबाट उत्पन्न हुने र सडकबाट उड्ने धुलो, कलकारखाना >>> पृष्ठ २ मा

### स्वास्थ्य जोखिम

अहिलेको वायु प्रदूषणले विशेषगरी फोक्सो र आँखामा समस्या हुन सक्ने चिकित्सकहरू बताउँछन् । त्यस्तै, मुटुका रोगीहरूको समस्या पनि बढ्न सक्छ ।

वायु प्रदूषणले श्वासप्रश्वासमा पनि समस्या हुन सक्ने छाती >>> पृष्ठ २ मा

सहकारीका विश्वव्यापी सिद्धान्त

- स्वेच्छिक तथा खुला सदस्यता,
- सदस्यहरुद्वारा लोकतान्त्रिक नियन्त्रण,
- सदस्यहरुको आर्थिक सहभागिता,
- स्वायत्तता र स्वतन्त्रता,
- सहकारी शिक्षा, तालिम र सूचना,
- सहकारी सहकारीबीच पारस्परिक सहयोग,
- समुदायप्रतिको चासो ।

सहकारी सिद्धान्तको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मधेशी दलले बनाए मोर्चा




**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २१ चैत ।

७ मधेश केन्द्रित दलहरूले 'संघीय लोकतान्त्रिक मोर्चा' गठन गरेका छन् । विभिन्न २६ बुँदे राजनीतिक प्रतिबद्धतासहित ७ मधेश केन्द्रित दलले बिहीबार मोर्चाको घोषणा गरेका हुन् ।

जनमत पार्टी, जनता समाजवादी पार्टी (नेपाल), जनता प्रगतिशील पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, तराई मधेश लोकतान्त्रिक पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय मुक्ति पार्टी सम्मिलित मोर्चा गठन भएको हो । बिहीबार मोर्चाको १५ बुँदे अवधारणा र आचारसंहिताको >>> पृष्ठ २ मा

### यस्ता छन् उद्देश्य

मोर्चाले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्ने, सामर्थ्य र पहिचानको आधारमा प्रदेशहरूको सीमांकन, नामांकन तथा संरचना गर्न/गराउनका साथै संघीयताको प्रभावकारी कार्यान्वयनका लागि संघ र प्रदेश सरकारहरूका बीचको क्षेत्राधिकारलाई स्पष्ट पार्ने उद्देश्य लिएको छ ।

राजस्व तथा स्रोत साधनहरू सन्तुलित र न्यायोचित रूपमा बाँडफाँट गर्ने >>> पृष्ठ २ मा

**मेयर–कर्मचारी द्वन्द्व**

# बलजफ्ती कार्यकक्ष छिरे प्रमुख प्रशासकीय अधिकृत

स्थानीय तह कर्मचारी युनियन र कर्मचारी संघद्वारा मुलुकी अपराध संहिता, २०७४ को दफा ६६ मा सार्वजनिक पद धारण गर्ने व्यक्तिले कर्तव्य पूरा नगरी वा जानाजान सेवा प्रवाहमा बाधा पुऱ्याएमा कानुनी कारबाही हुने मेयर शाह र महानगर प्रहरीलाई स्मरण

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २१ चैत ।

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन)ले विगत ३ महिनादेखि कार्यालय प्रवेशमा रोक लगाएका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाई महानगरका जनप्रतिनिधि र कर्मचारीहरूकै बलमा नियमित काममा फर्किएका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गुरागाईंलाई हाजिर गर्ने वातावरण बनाइदिन भन्दै पत्र पठाए पनि मेयर बालेनले हाजिर नगराएपछि अन्य कर्मचारीसहितको बलमा बिहीबार ३ महिना १४ दिनपछि



उनी कार्यकक्ष प्रवेश गरेका हुन् ।

महानगर प्रमुख शाहले लगाएको ताल्चा फोरेर प्रमुख प्रशासकीय अधिकृत >>> पृष्ठ २ मा

### बालेनप्रति बफादार राजु

महानगरपालिका परिसरमा कर्मचारी र नगर प्रहरीबीच देखिएको घम्साघम्सीपछि महानगरपालिकाका अधिकांश जनप्रतिनिधि र कर्मचारीहरू महानगर प्रहरीप्रतिसमेत आक्रोशित बनेका छन् । सबै जनप्रतिनिधिप्रति उत्तिकै जिम्मेवार बन्नुपर्ने काठमाडौं महानगर प्रहरी मेयरप्रति मात्र बफादार बनेर अरूमाथि जाइलागेको आन्दोलित कर्मचारीरू बताउँछन् । महानगर प्रहरीको गतिविधि र प्रस्तुतिप्रति >>> पृष्ठ २ मा

### अभिभावक बनेनन् बालेन

बिहीबार महानगरपालिकामा भएको कर्मचारी र महानगर प्रहरीबीच तनावग्रस्त भएपछि महानगरपालिकाका >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### लोकतान्त्रिक–गणतान्त्रिक मञ्चको क्षेत्रीय भेला सम्पन्न

# व्यवसायीका लागि अहोरात्र खटिने प्रतिबद्धता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ चैत ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनका लागि भुवनसिंह गुरुङ अध्यक्षको उम्मेद्वार रहेको लोकतान्त्रिक-गणतान्त्रिक समूहको पहिलो क्षेत्रीय भेला सम्पन्न भएको छ ।

राजधानीको तीनकुनेमा आयोजित क्षेत्रीय भेलालाई कार्यसमिति पदाधिकारी तथा सदस्य उम्मेदवारसहित मूल निर्वाचन परिचालन समितिका संयोजकलगायतले सम्बोधन गरेका थिए ।

सो समूहका अध्यक्षका उम्मेदवार संघका पूर्व द्वितीय उपाध्यक्ष तथा गुरुङ म्यानेजमेन्ट प्रा. लि.का संचालक भुवनसिंह गुरुङले वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या समाधानका लागि सरकारसँग छलफल र समन्वय गरेर समस्याको समाधानका लागि




दिनरात खटिने प्रतिबद्धता व्यक्त गरे । उनले वैदेशिक रोजगार क्षेत्रमा रहेका नीतिगत तथा कानुनी समस्या समाधान र कुनै पनि आवरणमा हुने सिन्डिकेटको विरोधमा काम गर्ने पहिलो प्रतिबद्धता रहेको बताए ।

प्रथम उपाध्यक्षका उम्मेदवार नोकरी नेपाल प्रा. लि.का संचालक नरेन्द्रप्रसाद ढकालले सुधारका लागि अधिकतम प्रयास गर्ने समूहको लक्ष्य रहेको भन्दै व्यवसायीलाई घात गर्ने कुनै काम नगर्ने प्रतिबद्धता जनाए । उनले नेपाली दूतावासहरूमा मागपत्र प्रमाणीकरणका लागि पेस भएपछि प्राथमिकता सूचीका आधारमा प्रमाणीकरण हुने व्यवस्था स्थापित गर्ने, सिन्डिकेट अन्त्य र कमीकमजोरी हटाउन विज्ञ टोली गठन गरी कानुन हातमा लिने प्रवृत्तिलाई निरुत्साहित गर्ने प्रतिबद्धता जाहेर गरे । द्वितीय उपाध्यक्षका >>> पृष्ठ २ मा

### युवा व्यवसायी सापकोटाद्वारा सचिवमा स्वतन्त्र उम्मेदवारी घोषणा

**काठमाडौं/मस–** अक्सन इन्टरनेसनल प्रा. लि.का संचालक युवा व्यवसायी ईश्वर सापकोटाले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा सचिव पदमा स्वतन्त्र उम्मेदवारी दिने घोषणा गरेका छन् । व्यवसायीहरू व्यवसायको रक्षा र हकहितको संरक्षणभन्दा दलीय विभाजन र व्यक्तिगत स्वार्थमा लागेका भन्दै सापकोटाले स्वतन्त्र हैसियतमा सचिव पदमा उम्मेदवारी घोषणा गरेको बताए ।



>>> पृष्ठ २ मा

हार्दिक अपील !



नेपाल वैदेशिक रोजगार व्यवसायी संघको यही चैत २९ गते हुने निर्वाचनमा आम व्यवसायीका दुःख सुखका साथी, युवा तथा संघर्षशील व्यवसायी, एकीकृत वैदेशिक रोजगार व्यवसायी संस्थाका सचिव, कन्फिडेण्ट ईण्टरनेशनल प्रा.लि.का सञ्चालक तथा नरेश गेलाल समूहबाट सचिव पदका उम्मेदवार अनिल बोगटी (मो नं. ९८०१०२९०४६) लाई अमूल्य मतदान गरी अत्यधिक मतले विजयी गराऔं ।

चुनाव प्रचारप्रसार सहयोग समूह

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# कानुन खोज्दै सडकमा शिक्षक

जानकी पाठक/मध्यान्ह
काठमाडौं, २१ चैत ।

२०२८ सालकै शिक्षा ऐनका भरमा चलेको नेपालको शिक्षा प्रणालीबाट मुलुकको शिक्षामा परिवर्तन आउन नसक्ने भन्दै २ दिनदेखि देशभरका शिक्षक काठमाडौंमा एकीकृत भएर सडक आन्दोलनमा छन् ।

आन्दोलित शिक्षकहरूले अध्यादेशबाट भए पनि विद्यालय शिक्षा ऐन जारी गर्न माग गर्दै शिक्षा ऐन नआएसम्म आन्दोलन स्थगन नगर्ने चेतावनी दिएका हुन् ।

सरकारले हिउँदे अधिवेशनमा विद्यालय शिक्षा विधेयक सदनमा ल्याउने भनेको थियो । तर, १९ चैतमा हिउँदे अधिवेशन समापन गरेको सरकारले शिक्षा, कर्मचारी र प्रहरीसम्बन्धी महत्वपूर्ण ऐन जारी गर्न सकेन । प्रहरीसम्बन्धी विधेयक सदनबाट दफावार छलफलमा पठाइए पनि निजामती र विद्यालय शिक्षा विधेयक सदनमा लैजान सकेन ।

चुनाव भएको साढे २ वर्ष भए पनि मुलुक संचालनका लागि आवश्यक कानुन निर्माण गर्ने थलो संसद्लाई दलहरूले सरकार गठनदेखि सत्ता पक्ष र विपक्षबीच आरोप-प्रत्यारोपको थालोका रूपमा विकास गरेका छन् ।

प्रदर्शनमा सहभागी शिक्षक तोयानाथ काफ्लेले समग्र शैक्षिक अवस्था परिवर्तनका लागि आफूहरू आएको र शिक्षा ऐन तत्काल जारी गर्नुपर्ने माग रहेको बताए । अब आउने शिक्षा ऐनले विद्यार्थी, अभिभावक र शिक्षकका समस्या हल गर्नुपर्नेमा जोड रहेको उनको भनाइ छ ।

'अध्यादेशमार्फत भए पनि तत्काल शिक्षा ऐन जारी गरियोस्', उनले भने, 'शिक्षा ऐन नहुँदा अहिलेको ७५३ वटै पालिकामा फरक-फरक किसिमको शिक्षा प्रदान भइरहेको छ । त्यसलाई एउटै बनाउन र २०२८ सालको शिक्षा ऐनबाट शासित हुन गाह्रो भएको छ । यो शिक्षा ऐन प्रविधिमैत्री छैन ।'

यसअघि शिक्षक महासंघसँग भएका सम्झौता सम्बोधन हुनेगरी नयाँ शिक्षा ऐन जारी हुनुपर्ने शिक्षकका नेताहरूले माग गरेका छन् । 'विगतमा सरकारसँग भएका सम्झौता सम्बोधन हुनेगरी नयाँ शिक्षा ऐन जारी गर्नका लागि दबाब दिन हामी सडकमा आएका हौं', प्रदर्शनमा सहभागी शिक्षक नेता कुलप्रसाद खतिवडाले भने, 'शिक्षा ऐन पुरानो भयो, यसले नयाँ प्रविधिलाई समेट्न सकेन । सार्वजनिक शिक्षा सुधार हुने किसिमको प्रविधिमैत्री शिक्षा ऐन हुनुपर्छ भन्ने हाम्रो माग छ । नयाँ शिक्षा ऐन जारी गर्न र हाम्रो शिक्षक हक, अधिकारका लागि सडकमा आउन बाध्य भएका छौं ।'

शिक्षा मन्त्रालयले वार्तामा आउन आन्दोलित शिक्षकहरूलाई आह्वान गरेको छ । तर, सरकार र शिक्षक महासंघबीच यसअघि पनि पटक-पटक सहमति भएको थियो, जुन सहमति हालसम्म कार्यान्वयन भएको छैन ।

२०७५, २०७८ र २०८० सालमा शिक्षक महासंघ र सरकारबीच भएको सहमतिलाई अक्षरशः कार्यान्वयन हुनुपर्ने शिक्षकहरूको भनाइ छ । देशमा शैक्षिक गुणस्तर वृद्धि र दक्ष जनशक्ति नेपालमै बसेर काम गर्न सक्ने वातावरण बनाउन नयाँ शिक्षा ऐन जरुरी रहेको उनीहरूको धारणा छ ।

---

**विषाक्त...**

भए पनि तत्काल त्यस्तो अवस्था नदेखिएकाले वायुको गुणस्तरमा तुरुन्तै सुधार हुने अवस्था नरहेको जानकारहरू बताउँछन् ।

बुधबार उपत्यकाका ५ वटा मापन केन्द्रबाहेक धनगढी र इलाममा समेत वायु गुणस्तर अस्वस्थताको तहमा पुगेको देखिएको वातावरण विभागले जनाएको छ ।

वायु प्रदूषण खतरनाक विन्दुमा पुगेपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपत्यकामा उच्च सतर्कता अपनाउन सबैलाई आग्रह गरेको छ । मन्त्रालयले विश्वको वायु गुणस्तर मापन गर्ने एयर क्वालिटी इन्डेक्स (एक्यूआई) सूचकांकअनुसार केही दिनदेखि नेपाल अत्यधिक प्रदूषित देशको सूचीमा परेकाले सतर्कता अपनाउन सबैलाई अनुरोध गरेको हो । हाल काठमाडौंमा वायु प्रदूषणको स्तर ३४८ एयर क्वालिटी इन्डेक्स (एक्यूआई) पुगी 'खतरनाक' श्रेणीमा पुगेको छ । एक्यूआई मापनअनुसार शून्यदेखि ५० सम्म 'स्वच्छ', ५१ देखि १०० सम्म 'सामान्य', १०१ देखि १५० सम्म 'सम्भावित जोखिम', १५१ देखि २०० सम्म 'अस्वस्थकर', २०१ देखि ३०० सम्म 'अत्यधिक अस्वस्थकर' र ३०१ भन्दा माथि 'खतरनाक' मानिन्छ ।

**तयारी शून्य**

उपत्यकामा वायु प्रदूषणले खतराको तह पार गरे पनि यसको नियन्त्रणबारे सरकारसँग कुनै योजना छैन । प्रदूषण नियन्त्रणबारे वातावरण व्यवस्थापन विभागले 'वाच' गरिरहेको जनाएको छ । विभागका वातावरण निरीक्षक प्रकाश केसीले भने, 'हामीले वाच गरिरहेका छौं, विभिन्न ठाउँमा भएको आगलागीको असर हो यो ।'

उनले यसको नियन्त्रणका लागि आगलागी नियन्त्रण गर्नुपर्ने वा पानी नै पर्नुपर्ने उनले बताए ।

कार्यबाहक प्रधानमन्त्री एवं शहरी विकासमन्त्री प्रकाशमान सिंहले बिहीबार सरोकारवाला र विज्ञहरूसँग छलफल गरेका छन् ।

छलफलमा वन मन्त्रालयका सचिव दीपक खरालले प्रदूषण बढ्दै गएकाले हप्ताको २ दिन बिदा दिनुपर्ने र सवारी जोर-बिजोर गरेर चलाउनुपर्ने प्रस्ताव गरेका छन् ।

विज्ञहरूले पनि प्रदूषणको प्रमुख कारण सवारी साधन रहेको जनाउँदै केही दिन सवारी साधनको चाप कम गर्नुपर्ने सुझाव दिए ।

**बर्सेनि ४२ हजारको मृत्यु**

स्वास्थ्य मन्त्रालयका अनुसार नेपालमा वायु प्रदूषणबाट बर्सेनि ४२ हजार जनाको मृत्यु हुने गरेको छ, जसमध्ये १९ प्रतिशत ५ वर्षमुनिका बालबालिका र २७ प्रतिशत ७० वर्षभन्दा माथिका मानिस छन् । वायु प्रदूषणले नेपालीको आयु ४ दशमलव १ प्रतिशतले घटाइरहेको छ ।

**किन...**

र डढेलोबाट निस्किने धुवाँ वायु प्रदूषणका मुख्य कारक हुन् । तर, अहिले बढेको प्रदूषणको मुख्य कारण डढेलो भएको वातावरण विभागका उपमहानिर्देश ज्ञानराज सुवेदी बताउँछन् । जल तथा मौसम विज्ञान विभागका अधिकारीहरूले यस वर्ष जाडोमा सरदर पर्नुपर्नेमध्ये करिब १० प्रतिशतजति मात्र वर्षा भएकाले प्रदूषण बढ्न मदत गरेको बताएका छन् । यसअघिको प्री मनसुन अवधिमा देशव्यापी रूपमा हजारौं डढेलोका घटना सार्वजनिक गरिएका थिए, जुन नेपालमा त्यसको विवरण राख्न थालिएयताको दोस्रो ठूलो प्रकोप थियो ।

काठमाडौंको प्रदूषणको हालको अवस्था भारतको दिल्ली र बंगलादेशको ढाकाभन्दा पनि खराब छ । तर, विज्ञहरूले नेपालमा बर्सेनि अप्रिलका बेला मात्र प्रायः त्यस्तो हुने गरेको भन्दै औसत रूपमा दिल्ली र ढाकासँग तुलना गरिहाल्न नमिल्ने बताउँछन् ।

नेपालमा डढेलो र आगलागीले वार्षिक रूपमा गराउने प्रदूषणको आधाजसो हिस्सा अप्रिल महिनामा देखिन्छ । बाँकी ११ महिनामा आधा प्रदूषण र अप्रिलमा आधा प्रदूषण हुने अवस्था रहँदै आएको छ । तर, यस पटक सुख्खा निकै भएकाले मे महिनामै खराब अवस्था देखिएको हो । यसरी ह्वात्तै बढ्नुमा निकै ठूलो हिउँदे खडेरी हुनु मुख्य कारण छ । नासाको विवरणमा चुरे र मध्यपहाडका पूर्वी भाग र मध्यनेपालमा धेरै डढेलो लागेको देखिन्छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विवरणअनुसार नेपालमा पछिल्लो २४ घण्टामा ७२ वटा आगलागी तथा वन डढेलोका घटना भएका छन् । तीमध्ये २५ जिल्लामा ३४ वटा आगलागीका घटना भएका र २३ जिल्लामा ३८ वटा वन डढेलोका घटना भएका छन् । काठमाडौं उपत्यकामा पानी परेका बेलामा बाहेक वर्षमा हरेक समय प्रदूषणको समस्या देखिने गरेको छ । सन् २०२३ को हिउँदमा समेत १२ दशमलव ९ मिलिमिटर मात्र पानी पर्न सकेको थियो । त्यस वर्ष सरदर झन्डै ६० मिलिमिटर वर्षा हुनुपर्ने अपेक्षा गरिएको थियो ।

**स्वास्थ्य...**

रोग विशेषज्ञ डा. गरिमा श्रेष्ठले जानकारी दिइन् ।

'अहिलेको प्रदूषणले मुख्य रूपमा दीर्घरोगीहरूलाई बढी असर गर्न सक्छ', उनले भनिन् । दम तथा अन्य खालका फोक्सो र श्वासप्रश्वाससम्बन्धी रोगीहरूलाई खराब वायुले सबैभन्दा धेरै असर गर्छ भने स्वस्थ व्यक्तिलाई पनि विभिन्न संक्रमण निम्त्याउन सक्छ । वायु प्रदूषणका कारण सुख्खा खोकी लाग्ने, घाँटी चिलाउने तथा श्वासप्रश्वासका समस्याहरू देखिन सक्ने चिकित्सकहरू बताउँछन् ।

लामो खोकी लागेर आउने बिरामीको संख्या अस्पतालहरूमा ह्वात्तै बढेको छ । त्यस्तै, छाला, नाक र आँखा चिलाउने खालका समस्या पनि देखिन थालिएको छ ।

प्रदूषण उच्च हुँदा दम, फोक्सोसम्बन्धी रोग, आँखाको समस्या, नाक र घाँटीमा एलर्जी, छालामा समस्या, हृदय रोग तथा दीर्घकालीन स्वास्थ्य समस्या देखिन थालिएको छ । यस्तै, संवेदनशील समूहमा पर्ने बालबालिका, वृद्धवृद्धा, गर्भवती तथा दीर्घरोगीलाई असर गर्न सक्छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गर्मी मौसम बढ्दै जाँदा बढ्दो वन डढेलो, सडक निर्माण, औद्योगिक क्रियाकलापलगायत कारणले वायु प्रदूषणको स्तर उच्च भएको जनाएको छ ।

**बलजफ्ती...**

गुरागाईं कार्यकक्षमा पुग्दा महानगर परिसर तनावग्रस्त थियो । त्यहाँ कर्मचारी र महानगर प्रहरीबीच घम्साघम्सी भएको थियो ।

गुरागाईं कार्यालय पुग्दा उपमेयर सुनिता डंगोल, अधिकांश कार्यपालिका सदस्य, वडा अध्यक्षहरू र कर्मचारीले उनलाई स्वागत गरेका थिए । मेयर बालेन शाहले भने गुरागाईंलाई कार्यालय जान नदिन नगर प्रहरी परिचालन गरे पनि उक्त अवरोध छिचोल्दै कर्मचारी र जनप्रतिनिधिले उनलाई कार्यालय प्रवेश गराए ।

मेयर शाहको आदेशअनुसार कार्यालय प्रवेशमा रोक लगाएपछि ३ महिनादेखि तलब खान नपाएका कर्मचारीहरू मेयर शाह र महानगर प्रहरी प्रमुख राजु पाण्डेसँग आक्रोशित बनेका बताउँछन् । सोही आक्रोशलाई महानगरपालिका प्रहरीले थेग्न सकेन ।

प्रमुख प्रशासकीय अधिकृत गुरागाईंले कार्यकक्षमा पुगेर शुक्रबार नै कर्मचारीलाई तलब खुवाउने निर्णय गराए । महानगरपालिकाकी उपमेयर सुनिता डंगोलको नेतृत्वमा आकस्मिक अनौपचारिक बैठकसमेत बसेको छ । उक्त बैठकमा उपमेयर डंगोलले मेयर शाहलाई एउटा कोठामा बसेर फेसबुकमा लेख्दैमा समस्या समाधान नहुने भन्दै छलफल र संवादबाट समस्या समाधान गर्ने वातावरण बनाउन आग्रह गरेकी छन् । मेयर शाहले गुरागाईंको कार्यकक्षमा ताला लगाइदिएका थिए । कर्मचारीले प्रमुख प्रशासकीय अधिकृत कार्यकक्षको ताला फोड्ने प्रयास गर्दा ढोकाको सिसासमेत फुटेको छ । बिहीबारको घटनापछि मेयर शाह छलफलबाट समस्या समाधानतिर नलागी काठमाडौंबाट बाहिर गएका भन्दै कर्मचारी र जनप्रतिनिधिहरूले टिप्पणी गरे । यो घटनालाई लिएर कर्मचारीसहित सबै जनप्रतिनिधिले मेयर शाहको कार्यशैलीको विरोध गरेका छन् ।

यस घटनासँगै मेयर शाहलाई हेर्ने नगरबासीको दृष्टिकोणमा नकारात्मकता बढ्ने स्थानीयहरू बताउँछन् । मेयर शाह र सरकारबीच टकरावका कारण लामो समयपछि गुरागाईं कार्यालयमा हाजिर हुन पुगेका हुन् । अधिकृत गुरागाईंले केही दिनमै रोकिएको तलब व्यस्थापन गर्ने बताए । उनले भने, 'आजदेखि हाजिर गरेको छु, भोलिदेखि नियमित काम सुरु गरेर तलब व्यवस्थापन गर्ने छु ।' कामपामा करिब ५ हजार कर्मचारीले तलब पाएका छैनन् । तीमध्ये शिक्षक र विद्यालय व्यवस्थापन खर्च, श्रम बैंकमार्फत रोजगार भएका कर्मचारी छन् । यसैबीच स्थानीय तह कर्मचारी युनियन र स्थानीय तह कर्मचारी संघले संयुक्त विज्ञप्ति जारी गर्दै प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंलाई सहज काम गर्ने वातावरण बनाउन अनुरोध गरेका छन् । मुलुकी अपराध संहिता, २०७४ को दफा ६६ मा सार्वजनिक पद धारण गर्ने व्यक्तिले कर्तव्य पूरा नगरी वा जानाजान सेवा प्रवाहमा बाधा पुऱ्याएमा कानुनी कारबाही हुने व्यवस्था रहेको व्यवस्था स्मरण गराउँदै संघले मेयर शाह र महानगर प्रहरीलाई सचेत गराएका हुन् ।

**बालेनप्रति...**

मेयरबाहेक अधिकांश जनप्रतिनिधिहरू खुसी छैनन् । मेयर बालेन शाहको आदेशमा महानगर प्रहरी प्रमुख राजु पाण्डेको कमान्डमा खटिएका प्रहरी टोलीले कर्मचारी र जनप्रतिनिधिलाई महानगरपालिका प्रवेशमा रोक लगाएको थियो । त्यपछि स्थिति असामान्य बनेको वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरूको भनाइ छ ।

'यो अवस्था आउनुमा मेयर र महानगर प्रहरी प्रमुख राजु पाण्डेको मुख्य भूमिका देखिन्छ', महानगर कार्यपालिकाका एक सदस्यले मध्यान्हसँग भने, 'महानगर प्रहरी कुनै व्यक्ति विशेषको हुँदैन तर यहाँ महानगर प्रहरी प्रमुखले मेयरको मात्र हुँ भनेजस्तो व्यवहार देखाउनुभयो । उहाँमा सिंगो महानगर र महानगरपालिकाका सबै जनप्रतिनिधिप्रति समान व्यवहार गर्नुपर्छ र सोहीअनुसारको सुरक्षा प्रबन्ध गर्नुपर्छ भन्ने देखिएन । यो विषय कार्यपालिका बैठकमा उठ्छ ।'

महानगर प्रहरी प्रमुख पाण्डेले भने कार्यालयको सुरक्षासँग सम्बन्धित विषयमा कसैलाई पनि छाड्न नसकिने प्रतिक्रिया दिएका छन् । 'कार्यालयको सुरक्षाको जिम्मा लिइसकेपछि सुरक्षाको थ्रेट भयो भने जुनसुकै पदाधिकारी भए पनि हाम्रो रोक्ने जिम्मेवारी हो', पाण्डेले भने, 'कार्यालय समयमा केही कर्मचारीले काम नगरेर कुर्सीमाथि चढेर महानगर प्रहरीमाथि समेत धरपकड गर्ने र कार्यालय कब्जा गर्ने काम भयो । हामीले यसमा सुरक्षा दिनु नै पर्थ्यो ।'

नगर प्रहरीले कार्यालय प्रमुख गुरागाईंलाई कार्यकक्ष प्रवेशमा रोक लगाए पनि कर्मचारी संघ संगठनका नेताहरूको अगुवाइमा प्रमुख प्रशासकीय अधिकृत गुरागाईंलाई काममा फर्काउन सफल भएको कर्मचारीहरूले बताए ।

जनप्रतिनिधिहरूले ताला किन लगाएको ? भनेर प्रमुख राजु पाण्डेलाई प्रश्न गर्दा पाण्डेले मेयरको मौखिक आदेशमा लगाएको बताएका थिए ।

**मेयर–हाकिम विवाद के हो ?**

पुरानो बसपार्कमा निर्माणाधीन टावरको नक्सा पासको विवाद बढ्दै गएपछि गुरागाईंलाई कार्यालय छिर्न रोक लगाइएको थियो । उक्त टावरको नक्सा पास गर्दा गुरागाईंले भ्रष्टाचार गरेको महानगरको आरोप छ । तर, टावरको नक्सा पास गर्न मेयर शाहले नै स्वीकृति दिएका देखिन्छ ।

सुरुको सम्झौताअनुसार काठमाडौं टावर २०७६ सालमै बनिसक्नुपर्ने थियो तर पटक-पटक समय थप्दै निर्माण गरिएको सो टावरको नक्सा पास नै नभएको दाबी गरिएको छ । नक्सा पास नै नभएको फेला परेपछि बालेनले २ पुस २०८० मा ठेकेदार कम्पनी जलेश्वर स्वच्छन्द विकोई जेभीलाई ५ लाख रुपैयाँ जरिमाना तोकेको थियो ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३८ अनुसार जरिमाना गरी नक्सा स्वीकृत गर्न उपयुक्त हुने राय तत्कालीन प्रमुख प्रशासकीय अधिकृतले दिएका थिए । कानुनबमोजिम दस्तुर लिएर २ वर्षका लागि भवन निर्माणको म्याद थप्न सकिने व्यवस्थाअनुसार मेयर शाहले हस्ताक्षर गरेका थिए ।

स्थानीय सरकार संचालन ऐनअनुसार नक्सा पास नभएको संरचनालाई जरिमाना तोक्ने अधिकार मेयरलाई हुन्छ भने नक्साको स्वीकृति प्रमुख प्रशासकीय अधिकृतले दिने व्यवस्था छ ।

**अभिभावक...**

कर्मचारी र जनप्रतिनिधिले मेयर शाहको भूमिकामाथि प्रश्न उठाएका छन् ।

सोही विषयलाई लिएर उपमेयर सुनिता डंगोल मेयर बालेन शाहप्रति आक्रोशित बनिन् । महानगरपालिकाका अभिभावकका रूपमा रहेका शाहले नगर प्रहरीलाई निर्देशन दिएर कर्मचारीप्रति जाइलाग्ने स्थिति सृजना गरेको उपमेयर डंगोल, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरूले टिप्पणी गरेका छन् । सबैको अभिभावक बन्नुपर्ने मेयर नै गैरजिम्मेवार हुँदा यो स्थिति आएको डंगोलले टिप्पणी गरिन् । 'कसैको व्यक्तिगत मनमुटाव होला तर जनप्रतिनिधि भएकाले हामी आमनागरिकको सेवामा तल्लीन हुनुपर्छ', उनले भनिन्, 'मेयरको आदेश हो भने मेयर अघि आउनुपर्छ, होइन भने कोठामा बसेर आदेश दिन पाइँदैन ।' हरेक घटनाक्रममा आफू जानकार रहेको भन्दै मेयर शाहलाई कोठामा बसेर निर्देशन नदिन डंगोलले सुझाव दिइन् । 'मन्त्रालयबाट पठाएपछि प्रमुख प्रशासकीय अधिकृत हाजिर गर्न आउनुभएको छ', उनले भनिन्, 'उहाँ हाजिर गर्न आउँदा यो झडपको अवस्था हुनु राम्रो कुरा होइन । कर्मचारी-कर्मचारीबीच लडाइँ हुनु पनि राम्रो होइन ।'

प्रमुख प्रशासकीय अधिकृत नहुँदा हजारौं कर्मचारी र लाखौं काठमाडौंबासीले दुःख पाएका, क्यान्सरपीडितलाई पनि पैसा दिन नसकेको भन्दै डंगोलले प्रमुख प्रशासकीय अधिकृत दोषी प्रमाणित भएका अवस्थामा कारबाही गर्न तयार रहेको बताइन् ।

**व्यवसायीका...**

उम्मेदवार अलर्ट ओभरसिज प्रा. लि.का संचालक देव खोखालीले पीडितका नाममा हुने अराजकताको अन्त्य, व्यवसायी सुरक्षाका लागि काम गर्ने प्रतिबद्धता जनाए ।

तृतीय उपाध्यक्षका उम्मेदवार इम्प्लोइमेन्ट क्रियसन सर्भिस प्रा. लि.का संचालक हर्क लिम्बूले व्यवसायीको एकतामा जोड दिँदै इमान्दार र कर्तव्यनिष्ठ व्यवसायीलाई मत दिन आग्रह गरे । महासचिवका उम्मेदवार ग्लोबल राइजिङ प्लेसमेन्ट प्रा. लि.का संचालक महेशकुमार बस्नेतले व्यवसायीलाई पेसा टिकाउने अवस्था निर्माण गर्नु महत्त्वपूर्ण भन्दै वैदेशिक रोजगारलाई सेवा उद्योगका रूपमा विकास गर्न पहल गर्ने प्रतिबद्धता जनाए । उनले व्यवसाय र व्यवासयी शुद्धीकरण गरी सम्मानित बनाउने बिनाप्रमाणका उजुरी दर्ता रोक्न संयन्त्र बनाउन, व्यवसायीलाई अनावश्यक दुःख दिनेको पहिचानका लागि ब्ल्याक लिस्ट सफ्टवेयर ल्याएर विभागमा ३ जना कानुनी सल्लाहकार राखेर कानुनी रूपमा प्रतिवाद गर्नेलगायतका योजना तयार पारेको बताए ।

सचिव पदका उम्मेदवार आकृति रिक्रुटिङ प्रा. लि.का संचालक कुन्छा दोर्जे दिमदोङले व्यवसायीलाई समस्या र आर्थिक भार पार्नेगरी वैदेशिक रोजगार ऐनमा संशोधन गर्न लागिएको अवस्थामा त्यसलाई रोक्न संघको नेतृत्व बलियो र प्रभावकारी हुनुपर्नेमा जोड दिए ।

कोषाध्यक्षका उम्मेदवार शुभ हारती म्यानपावर प्रा. लि.का संचालक विक्रम श्रेष्ठले आर्थिक रूपमा संघलाई बलियो र पारदर्शी बनाई व्यवसायीको लेबीमा मात्र निर्भर नगराई अन्य स्रोतहरूको खोजी गर्ने बताए । कार्यक्रममा प्यानलका सदस्यका उम्मेदवारहरूले पनि आ-आफ्नो धारणा राख्दै प्रतिबद्धता जनाए ।

सो प्यानल कार्यसमिति सदस्यमा इम्पेरियल ओभरसिज प्रा. लि.की संचालक विद्यालक्ष्मी बज्राचार्य, राज ग्रुप अफ कम्पनीका संचालक राज लामा तामाङ, हिमालयन भ्याली नेपाल प्रा. लि.का संचालक देवीप्रसाद गिरी, ब्रदर इन्टरनेसनल इम्प्लोइमेन्ट प्रा. लि.का संचालक दीपककुमार राय, रसुवा ओभरसिज प्रा. लि.का संचालक सुवर्ण लामा, सेक्युर नेपाल जब प्रा. लि.का संचालक सुमनराज पाण्डे, ग्लोबल एचआर हब प्रा. लि.की संचालक गीता राउत र युनिक ओभरसिज प्रा. लि.की संचालक तिलरूपा दाहाल उम्मेदवार बनेका छन् । त्यस्तै, युनिभर्स एच.आर. सोलुसन प्रा. लि.का संचालक भरत सापकोटा, रिजा ओभरसिज प्रा. लि.की संचालक रेखा शर्मा र इगल म्यानपावर कन्सल्टेन्ट प्रा. लि.का संचालक कृष्ण ढकाल पनि सदस्यका उम्मेदवार बनेका छन् ।

कार्यक्रममा मूल निर्वाचन परिचालन समितिका संयोजक तिलकबहादुर रानाभाट, प्रचारप्रसार समितिका संयोजक किरणकिशोर घिमिरे, सहसंयोजक ओम न्यौपाने, शंकर तिवारीलगायतले समूहको उम्मेदवारीको औचित्यबारे धारणा राखेका थिए ।

एसोसिएसनका कार्यबाहक महासचिव तुलसी पुरीले संचालन गरेको कार्यक्रमको सहजीकरण क्षेत्रीय भेलाका संयोजक व्यवसायी शिवकुमार खड्काले गरेका थिए ।

**युवा...**

खाडी, युरोप र जापानको रोजगारका जानकार व्यवसायी सापकोटा संघका स्वर्गीय अध्यक्ष विष्णुप्रसाद गैरेका साझेदार थिए । वैदेशिक रोजगार व्यवसायीहरूलाई मर्यादित र व्यवस्थित गर्ने पवित्र भावनाले आफूले भवन खरिदका लागि उल्लेख्य योगदान गरेको तर अग्रज व्यवसायी राजनीतिक दाउपेचबाट बाहिर आउन नसकेकाले आमव्यवसायीको भावनाको कदर गर्दै सचिवमा स्वतन्त्र उम्मेदवारी घोषणा गर्नुपरेको उनको भनाइ छ ।

**मधेशी...**

१३ बुँदामा शीर्ष नेताहरूले हस्ताक्षर गर्दै मोर्चा गठन भएको घोषणा गरेका हुन् । अवधारणापत्रमा जसपा अध्यक्ष उपेन्द्र यादव, नागरिक उन्मुक्ति पार्टीका प्रतिनिधिले हस्ताक्षर गरेका छन् ।

स्वास्थ्य समस्याका कारण उपस्थित नभएका तमलोपा अध्यक्ष महन्थ ठाकुरको हस्ताक्षरका लागि अवधारणापत्र उनको निवासमै पठाइएको थियो । यस्तै, राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्षराजेन्द्र महतो, जनता प्रगतिशील पार्टीका हृदयेश त्रिपाठी र तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष बृशेषचन्द्र लालले हस्ताक्षर गरेका छन् । राजनीतिक प्रतिबद्धतासहित संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्ने मोर्चाको पहिलो प्राथमिकता रहेको जनाइएको छ ।

**यस्ता...**

र राज्यका तर्फबाट प्रदान गरिने सेवा, सुविधाहरू जनतामा पुऱ्याउन प्रदेशलाई सक्षम बनाई स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकारभित्र रहनेगरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई समृद्ध पार्न मोर्चा गठन गरिएको जारी प्रतिबद्धतापत्रमा उल्लेख छ ।

संविधान अपूर्ण, अधुरो, विभेदकारी र त्रुटिपूर्ण रहेकाले सबै समुदायले स्वामित्व ग्रहण गर्न सक्नेगरी समय सापेक्ष रूपमा संशोधन एवं परिमार्जन गर्न प्रयत्न गर्ने उद्देश्यले मोर्चा गठन भएको प्रतिबद्धता नेताहरूले जनाएका हुन् ।

देशमा विद्यमान रहेका अनियमित्तता, प्रशासनिक ढिलासुस्ती भ्रष्टाचार, लुटतन्त्र, कमिशनतन्त्र र बिचौलियातन्त्र जस्ता विकृति र विसंगतिलाई नियन्त्रण गरी जनतालाई सदाचार र सुशासनको प्रत्याभूति गराउनका लागि जनजागरण तथा दबाबमूलक कार्यक्रमहरू अगाडि बढाउने पनि मोर्चाले नीति लिएको छ । मोर्चाले सामर्थ्य र पहिचानका आधारमा प्रदेशहरूको सीमांकन, नामांकन तथा संरचना गर्न/गराउन तथा संघ र प्रदेश सरकारबीचको क्षेत्राधिकारलाई स्पष्ट पार्ने भनेको छ ।

त्यस्तै, राजस्व तथा स्रोत साधनहरू सन्तुलित र न्यायोचित रूपमा बाँडफाँट गर्ने र राज्यका तर्फबाट प्रदान गरिने सेवा, सुविधा जनतामाझ पुऱ्याउन प्रदेशलाई सक्षम बनाउनुपर्ने तथा स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकारभित्र रहनेगरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई समृद्ध पार्ने उद्देश्य पनि मोर्चाले राखेको छ ।

विगतमा नेपाल सरकार र आन्दोलनकारीबीच भएको २२ बुँदे, ८ बुँदे र ११ बुँदे सम्झौताका साथै अन्य राजनीतिक दल/संगठन र सरकारबीच गरिएको सहमति तत्काल कार्यान्वयन गर्न माग गरिएको छ । समुदायले स्वामित्व ग्रहण गर्न सक्नेगरी संविधान संशोधन गर्नुपर्ने माग राख्दै भ्रष्टाचार अन्त्य गर्न मोर्चाले भूमिका निर्वाह गर्ने भनिएको छ ।

त्यसैगरी अर्थतन्त्र सुधारका लागि कृषि, सौर्य ऊर्जा, उद्योग र वाणिज्य, पर्यटन, जलस्रोतलगायत क्षेत्रको विकास गर्न आन्तरिक र बाह्य पुँजी र प्रविधि ल्याउन तथा लगानी गर्न लगानीमैत्री वातावरण सिर्जना गराउन मोर्चाले माग गरेको छ ।

लाल आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गराउन तथा जनआन्दोलन, मधेश जनविद्रोह र आन्दोलन, थरूहट, लिम्बूवान, मगरात, स्वराज, आदिवासी जनजाति आन्दोलनलगायत आन्दोलनका कारण विभिन्न दलका आन्दोलनकारी नेता/कार्यकर्तामाथि लगाइएका मुद्दा खारेजी र राजबन्दीहरूको रिहाइ गराउन मोर्चाले माग गरेको छ ।

यसैगरी समावेशी लोकतन्त्र र सामाजिक न्यायको हक सुनिश्चितताका लागि संविधानको धारा- ४२ को भावनाअनुकूल कानुन निर्माण र संशोधन गरी सामाजिक न्यायको प्रत्याभूति गराउन माग गर्दै मोर्चाले तराई-मधेश पूर्वाधार विकास कार्यक्रम लागू गरी विकास निर्माणका कार्यलाई तीव्रता दिने र हुलाकी सडकलगायत राष्ट्रिय गौरवका आयोजनालाई यथाशीघ्र सम्पन्न गर्न पनि माग गरेको छ ।

मोर्चाले संघीय लोकतान्त्रिक गणतन्त्रलाई अझ बलियो बनाउन, संविधान संशोधन गर्न, विगतको मधेशी मोर्चासँग ८ बुँदे सहमति कार्यान्वयन गराउन दबाब दिने, लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न र कार्यान्वयन गराउन दबाब दिने जनाएको छ ।

**आलोपालो नेतृत्व**

अवधारणापत्रमा मोर्चामा आबद्ध दलहरूले आलोपालो बैठकको अध्यक्षता गर्ने समझदारी गरेका छन् । मोर्चाले सहमति गरेका कार्यक्रमलाई साझा रूपले मान्ने उनीहरूको भनाइ छ । मोर्चाबाट स्वतन्त्र रूपले बाहिरिन सक्ने र भित्रिन सक्ने समझदारी बनेको छ । पहिलो चरणमा जसपा नेपालका अध्यक्ष यादव मोर्चाको संयोजक बनेका हुन् । उनी कहिलेसम्म संयोजक रहने तोकिएको छैन ।

मोर्चाले १३ वटा आचारसंहिता तय गरेको छ । आचारसंहितामा मोर्चामा आवद्ध दलहरूले सार्वजनिक रूपमा एकअर्काको आलोचना, घोचपेच नगरी अभिव्यक्ति प्रस्तुतिदेखि मोर्चाको उद्देश्यविपरीत नहुनेगरी अन्य मोर्चामा आवद्ध हुन वा अन्य दलहरूसँग एकीकरण गर्न बाधा नहुने उल्लेख छ । मोर्चामा सहमति वा निर्णय गरिएका एजेन्डा र कार्यक्रम सबै घटक दलले पालना गर्नुपर्ने आचारसंहितामा उल्लेख छ ।

मोर्चाका निर्णयहरू सहमतिका आधारमा गरिने छ र यसरी सहमतिका आधारमा गरिएका निर्णय नै मोर्चाका आधिकारिक निर्णय हुने जनाइएको छ ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरीविकास तथा भवन निर्माण विभाग

## आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास)

जाजरकोट

### बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/१२/२२

यस आयोजना अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागी सूचना नं. ०४-२०८१/८२ को मिति २०८१/११/१४ गते बुधवारको मध्यान्ह दैनिकमा पुनः प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम म्यादभित्र रितपुर्बक e–GP मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागी बोलपत्र स्वीकृत गर्ने यो आशयको सूचना सरोकारवाला सबैको जानकारीको लागी प्रकाशित गरिएको छ ।

| खरिद नं. | कार्य विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मु.अ. कर र PS सहित) |
|---|---|---|---|
| PIU/JAJARKOT/NCB/WORKS/11-2081/082(RE) | Repair and maintenance Work of Quarter Building of District Agricultural Development Office Jajarkot, Khalanga, Jajarkot | Nishan Nirman Sewa, Barekot-5, Jajarkot | 45,02,514.35 |

आयोजना प्रमुख

## Brahampuri Rural Municipality
## Office of Rural Municipal Executive

Brahampuri, Sarlahi
Madhesh Province, Nepal

### Invitation For E-Bids

**Notice No: BRM/NCB/WORKS/03/2081-82**
Date Of Publication : 2081/12/22 (4th April. 2025)

1. Brahampuri Rural Municipality Sarlahi Invites Open Competitive Biddings (Electronics Bid Only) From Eligible Bidders for Following Work Under National Competitive Bidding Procedure. Only Eligible Bidders Should Participate in This Bidding:

| S. N. | Contract Number | Description of work | Estimate Amount in NRS (Exclusive of Vat) | Bid Security Amount (NRs) | Bid Security Validity Period | Price of Bid Document (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BRM/NCB/WORKS/03/2081-82 | Wada no.1 dekhi 7 samma Krishi vidhutikaran ko lagi tar pole | 6891434.86 | 200000 | 120 Days from The Deadline For Submission Of Bids | 3000 | PPMO |

2. Date of Purchasing, Pre bid meeting, submission and opening of bids.

| Last date of purchasing of bids | Pre bid Meeting | Last Date of Submission of Bids | Date of Opening of bids | Employer's Bank Account Number for purchasing of bids Document | Employer's Bank Account to deposit cash for the Bid security. |
|---|---|---|---|---|---|
| 04/05/2025 during Office Hour | NA | 05/05/2025 at 12 Hours | 05/05/2025 at 14 Hours | Nabil Bank Brahampuri Sarlahi Revenue Ac.No. 21701017500027 Office code No. 80219507300 | Nabil Bank Brahampuri Sarlahi Dharauti Ac.No.ga-3-21701017500017 |

3. A Complete Set Of Bidding Document Can Be Download From PPMO's E-GP System Www.Bolpatra.Gov.Np/Egp. Bidders. Eligible Bidders May Obtain Further Information And Inspect The Bidding Documents At The Office Of Brahampuri Rural Municipality Sarlahi.(Contact Number 9801639507)
4. All The Rights To Accept Or Reject The Bids Are Reserved To The Brahampuri Rural Municipality Sarlahi With Out Specifying Any Reason.

**Chief Administrative Officer**

# ‘साना देशहरूमाथि जोखिम बढ्दै छ, सबै सजग बनौं’

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले साना देशहरुमाथि विभिन्न प्रकारका जोखिम बढ्दै गएकाले सबै सजग हुनुपर्ने बताएका छन् ।

मित्र राष्ट्र थाइल्याण्डको औपचारिक भ्रमणको सिलसिलामा एशिया इन्स्टिच्युट अफ टेक्नोलोजीमा प्रवचन दिनुहुँदै साना देशहरुमाथि बढेको चुनौति र जोखिमबारे चिन्ता व्यक्त गरेका छन् । विश्वव्यापी रुपमा बढिरहेको जलवायु परिवर्तनको असरले देशलाई जोखिममा पारेको बताए । प्रधानमन्त्री ओलीले विश्वव्यापी रुपमा बढेको हतियारको प्रयोगले मानव जीवन र मानवता नै चुनौतिमा परेको जिकिर गरे । अहिले साना र जोखिममा रहेका देशको दुःखको आवाज सुन्ने कोही नभएको



बताए । विश्व मानवता र भ्रातृत्वको लागि सबै एकजुट हुन आवश्यक रहेको बताए । उनले अहिले भोगिरहेको जलवायु संकटबारे अहिले नै लड्न नसके देशका नागरिकहरु झनै गरिबी र दुःखमा धकेलिने भएकाले विश्व समुदायलाई गम्भीर हुन आग्रह गरे ।

प्रधानमन्त्री ओलीले गरिबी निवारण गर्दै समृद्धि हासिल गर्न अगाडि सारेको कार्यक्रम र रणनीति एक देशको लागि मात्र नभएर सम्पूर्ण विश्वलाई नै शान्ति सहतिको विकासको अवधारणा अगाडि सारेको बताए । एशिया इन्स्टिच्युट अफ टेक्नोलोजीमा नेपाली विद्यार्थीको संख्या उल्लेख्य छ । जम्मा विद्यार्थीमा नेपाली विद्यार्थीको संख्या पाँचौं स्थानमा रहेको छ । एआइटीबाट करिव १ हजार ७ सय बढी नेपालीले अध्ययन गरिसकेका छन् । नेपाल यस विश्वविद्यालयको बोर्ड अफ ट्रस्टी पनि हो । नेपालले विभिन्न कार्यक्रम सञ्चलन गर्न एक लाख अमेरिकी डलर सहयोग उपलब्ध गराएको छ । हाल एआइटीमा हाल एक सय ८१ नेपाली विद्यार्थी अध्ययनरत छन् ।

# जनमत पार्टी राष्ट्रिय परिषद्द्वारा ८ निर्णय पारित

**काठमाडौं/मस–** डा.सीके राउत नेतृत्वको जनमत पार्टीको राष्ट्रिय परिषद्को दोस्रो बैठक सम्पन्न भएको छ । काठमाडौं मध्यबानेश्वरमा राष्ट्रिय परिषद् अध्यक्ष तथा संगठन विभाग प्रमुख डा.जयकान्त राउतको अध्यक्षता तथा पार्टीका अध्यक्ष डा. सी. के. राउतको प्रमुख आतिथ्यतामा बैठक बसेको हो ।

देशमा पछिल्लो समयमा विकसित राजनीतिक घटनाक्रम, पार्टी एकिकरण, प्रशिक्षण, पार्टी संगठनको विस्तार तथा सुदृढीकरण, पार्टीको वर्तमान अवस्था र भावी रणनीति लगायतका समसामयिक प्रस्तावहरूमाथि छलफल गर्दै आठ वटा निर्णयहरु पारित गरेको छ ।

बैठकमा राष्ट्रिय परिषद्का सदस्यहरुले आ-आफ्नो धारणा राखेका थिए । हाल देशमा उत्पन्न राजनीतिक अन्यौलताको साथै राजनीतिक प्रतिगामी ध्रुवीकरणप्रति सचेत रहँदै अबको निकास र समग्र देशको विकासको लागि ‘नौलो गणतन्त्र’लाई जनजनमा फैलाउने र संघीय लोकतान्त्रिक गणतन्त्रको



रक्षाको निम्ति संगठनलाई तयार राख्ने निर्णय गरेको छ ।

तीन-तीन महिनामा हरेक प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा पालिका अध्यक्ष र वडाध्यक्षहरूलाई बोलाएर समन्वय बैठक राख्ने, निर्वाचन क्षेत्रकोलागि योजना तर्जुमा गर्ने र कार्यान्वयन भइरहेका योजनाहरू अनुगमन तथा दस्तावेजीकरण गर्ने, सदस्यता वितरण अभियान चलाउने, तल्लोदेखि माथिल्लो तहमा उम्मेदवार हुन सक्ने व्यक्तिहरूको पहिचान गरी पार्टी प्रवेश कार्यक्रमलाई तीव्रता दिने, पालिका र वडाहरूमा सांगठनिक प्रशिक्षण दिने, वडा/टोलका मुद्दाहरू, समस्याहरू, जनअपेक्षा पहिचान गर्ने, संगठनको स्थिति कहाँ कस्तो छ, घोषणापत्रमा समेटिनुपर्ने विषयहरू के-के हुन् आदिको सर्वेक्षण गर्ने र प्रतिवेदन तयार गर्ने जस्ता राष्ट्रिय परिषद्को अगामी कार्यदिशा हुनेकुरा पारित गरेको छ । परिषद् सदस्य अनिता साहले स्वागत मन्तव्य राखेको कार्यक्रमको सहजीकरण परिषद् सदस्य इ.हरेन्द्र चौधरीले गरेका थिए ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/११/११ मा दर्ता भएको **प्रा.लि. नं. २०७३०९** को **द नेक्स्ट होलिडे ट्राभल्स एण्ड टुर्स प्रा.लि.** को मिति २०८१/१२/२४ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

# अपहरणमा परेकी बालिकाको उद्धार

**सुनसरी/मस–** सुनसरीको कोशी गाउँपालिका-७ मुसहरी टोलबाट अपहरणमा परेकी सात वर्षीया बालिकालाई प्रहरीले सकुशल उद्धार गरेको छ ।

बुधबार दिउँसो आफ्नै घर अगाडि खेल्ने क्रममा अपहरणमा परेकी ती बालिकाको आज उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी नायब उपरीक्षक योगराज खतिवडाले जानकारी दिए ।

खेलिरहेकी बालिकालाई अपरिचित व्यक्तिले सफारी रिक्सामा चढाएर अपहरण गरी लगेको सूचना पाएपछि प्रहरी खोजी गर्दा कोसी गाउँपालिका-८ कोसी ब्यारेज नजिकबाट उद्धार गरिएको उनले बताए । अपहरण गरेको आरोपमा प्रहरीले सप्तरीको कञ्चनरुप नगरपालिका-१२ का जीतेन्द्र साह (हलुवाई) लाई पक्राउ गरेर अनुसन्धान अगाडि बढाएको छ ।


## मलेशियामा रोजगार

कम्पनीः Eagle Eye Security Sdn. Bhd.
पूर्व स्वीकृत मितिः २०८१/१२/२१ | चलानी नं.: ६०२३५६४८ | शहरः Malaysia | LT. No.: 321536

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 50 | 0 | स. काममा दक्ष | 1700 | ५२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ चैत २९,३०,३१ गते (11,12,13 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**W.S.L. Human Resource Service Pvt. Ltd.**
HR Service Pvt. Ltd.
Airport, Sinamangal Kathmandu, Nepal, contact : +977-1-4593930, 9745423372 Email: info@wslhrservice.com


## Jayaprithvi Municipality
## Office of the Municipal Executive
**Chainpur, Bajhang**

**Invitation for Sealed Quotation**

Method of Procurement: Sealed Quotation
**Date of publication: 2081/12/22**

1. *Jayaprithvi Municipality, Bajhang* invites electronic bids for following Work from Nepalese eligible bidders for following works under Sealed Quotation procedures. The estimated amount for the works is given below.

| S. N. | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Excluding VAT and Contingencies] | Bid Security amount (Nrs) | Bid Security Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | JPM-SQ-15-2081/082 | Nilkatti Ma.Vi Daikumala Gherbar Nirman Karya | 1281773.28 | 39,000 | 75 days | 1000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **Jayaprithvi Municipality, Office of the Municipal Executive, Chainpur, Bajhang,** *Email Address: jpmunicipality2014@gmail.com, Contact No: 092421064, 092421508, 9868861828, 9858490254* or may visit PPMO **website www.bolpatra.gov.np.**

| Cash Deposit for Purchase of Bid Document | | Cash Deposit for Bid Security | |
|---|---|---|---|
| Bank | Jayaprithivi Na.Pa.(Ga-1-1)-Aantari | Bank | Rastriya Banijya Bank, Bajhang |
| Account Number | 4110100301010004 | Account Number | 4110100303000004 |
| Office Code | 801077001 | Office Code | 801077001 |
| Bank | Rastriya Banijya Bank,Bajhang Branch | | |

3. **Purchase, Submission and Opening**

| Last date of Bid Purchase | | Last Date of Submission | | Bid Opening | |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time |
| 2082/1/07 | 12:00 | 2082/1/07 | 12:00 | 2082/1/07 | 14:00 |

**Chief Administrative Officer**

## धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल चैत महिना २२ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय महेन्द्रनगरबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१) कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **ए बि सी इन्टरप्राइजेज** प्रोप्राइटर : डम्मर दत्त पनेरु प्रा.फ.र.नं. : ६७८/०७५/७६
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, भिमदत्तनगर, कञ्चनपुर दर्ता मिति : २०७५/१०/२१
रजिष्टर्ड ठेगाना : कन्चनपुर जिल्ला भीमदत्त न.पा. वडा नं. ४ स्थायी लेखा नं. : १०९५०५४७३

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) नरी पनेरुको नाति टिका दत्त पनेरुको छोरा कन्चनपुर जिल्ला भीमदत्त न.पा. वडा नं. १८ बस्ने **डम्मर दत्त पनेरु** (ना.प्र.नं. : ७५१००१/१५८०८ जारी मिति र जिल्ला : २०६९/०३/२२, कन्चनपुर)

२) जर्नादन जोशीको छोरी नरी पनेरुको बुहारी टिका दत्त पनेरुको पत्नी डडेल्धुरा जिल्ला अजयमेरु वडा नं. ६ हाल, भीमदत्त न.पा. वडा नं. १८ बस्ने **जानकी देवी पनेरु** (ना.प्र.नं. : ६० जारी मिति र जिल्ला : २०५६/०६/०९, कन्चनपुर)

३) हरी पनेरुको नाति नरी पनेरुको छोरा डडेल्धुरा जिल्ला अजयमेरु वडा नं. ६ हाल, भीमदत्त न.पा. वडा नं. १८ बस्ने **टिका दत्त पनेरु** (ना.प्र.नं. : २११२/४५३४ जारी मिति र जिल्ला : २०४४/०१/२९, कन्चनपुर)

४) नरी पनेरुको नाति टिका दत्त पनेरुको छोरा कन्चनपुर जिल्ला भीमदत्त न.पा. वडा नं. १८ बस्ने **सन्तोष पनेरु** (ना.प्र.नं. : ७५-०१-७४-०९०६७ जारी मिति र जिल्ला : २०७४/०७/०१, कन्चनपुर)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
मिति २०८१/०७/२९ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| टिका दत्त पनेरु | कन्चनपुर जिल्ला महेन्द्रनगर न.पा.वडा नं. १८ | ०२०१४५७४ | ३८०६ | १७०.०० |
| जानकी देवी पनेरु | कन्चनपुर जिल्ला महेन्द्रनगर न.पा.वडा नं. ५ | ०२०१३७४३ | ४५५८ | ७६०.४३ |

**२) कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

देवी नाथको नाति हरी नाथको छोरा कञ्चनपुर जिल्ला भीमदत्त न.पा. वडा नं. ९ बस्ने **नन्द राम नाथ** (ना.प्र.नं. : ७५-०१-७०-०७५५१ जारी मिति र जिल्ला : २०७०/१०/२२, कञ्चनपुर)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) देवा नाथको नाति देवी नाथको छोरा बैतडी जिल्ला श्रीकोट वडा नं. २ हाल, कञ्चनपुर जिल्ला भीमदत्त न.पा. वडा नं. ९ बस्ने **हरी नाथ** (ना.प्र.नं. : २६६ जारी मिति र जिल्ला : २०४५/०२/०७, बैतडी)

२) देवी नाथको नाति हरी नाथको छोरा कञ्चनपुर जिल्ला म.न.न.पा. वडा नं. ९ हाल, भीमदत्त न.पा. वडा नं. ९ बस्ने **गणेश नाथ** (ना.प्र.नं. : ७५३००१/१९ जारी मिति र जिल्ला : २०६३/१०/२३, कञ्चनपुर)

३) नारद भट्टको नाति देव राज भट्टको छोरा कञ्चनपुर जिल्ला म.न.पा. वडा नं. ९ हाल भीमदत्त न.पा. वडा नं. ९ बस्ने **बाशुदेव भट्ट** (ना.प्र.नं. : १६९२५६ जारी मिति र जिल्ला : २०६२/०५/२६, कञ्चनपुर)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८१/११/०१ को राजधानी दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| हरी नाथ | कन्चनपुर जिल्ला महेन्द्रनगर न.पा.वडा नं. ९ | ०२०११३४१ | ११६ | १३०.०० |
| | | ०२०११३४२ | ५०७७ | ५,५०८.९९ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०१/११ गते बिहीबार भित्र यस बैंकको शाखा कार्यालय महेन्द्रनगर आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०१/१२ गते शुक्रबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय महेन्द्रनगरमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


## मलेशियामा रोजगार

कम्पनीः VISION SECURITY SDN BHD
पूर्व स्वीकृत मिति : २०८१/१२/२१ | चलानी नं.: ६०२३५६४९ | शहर : Malaysia | LT. No.: 321549

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 200 | 0 | स. काममा दक्ष | 1700 | ५२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २९,३०,३१ गते (11,12,13 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |


बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**Metta International Pvt. Ltd.** श्रम इजाजत नं. ५३०/०६१/०६२
सिनामंगल टावर, सिनामंगल चोक, काठमाडौं, फोनः ४१११२६९, ४१११२६७ Fax.: 4112978
Email- mettaint5@gmail.com,info@mettaint.com Web.: www.mettaint.com


Local Government
## Indrawati Rural Municipality
## Office of Rural Municipal Executive
**Nawalpur, Sindhupalchok**
**Bagmati Province, Nepal**

**Intention to Award**

**Date of Publication: 2081-12-22**

1. Pursuant to sub clause 27.2 & 27.3 of Public Procurement Act 2063, this is notifing to all Bidders who submitted their bids for mentioned character as per the IFB Notice Published on National Daily Newspaper that the following mentioned bidders are lowest evaluated substantial responsive bidder is intented to award the contract.

| S. N. | Contract No. | Name of Work | Name and Address of bidders | Bid Price (including VAT & PS) |
|---|---|---|---|---|
| 1 | IRMSI/W/ NCB/081/082-23 | VERTICAL EXTENSION OF LAB & LIBRARY BLOCK AT AISELUKHARKA SCHOOL | M/S Budhathoki Nirman Sewa, Chautara Saghachockgadi-6, Sindhupalchok | 19,84,448.11 |

**Chief Administrative Officer**

## बरहथवा नगरपालिका
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८२ बैशाख महिना ११ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८२ बैशाख महिना १५ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, ईटहरी शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८१/१२/२२ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्व सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

**तपसिलः**

| |
|---|
| **ऋणीको नाम, थर र ठेगाना :** |
| सत्य नारायण जलानको नाती, श्याम सुन्दर जलानको छोरा, सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. १६ बस्ने **निकु कुमार जलान...१** |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| महादेवलाल जलानको नाती, सत्य नारायण जलानको छोरा, सुनसरी जिल्ला, छिटाहा गा.वि.स./उ.म.न.पा. वडा नं. ८ बस्ने **श्याम सुन्दर जलान...१** |
| शिवनाथ डाब्लेवालाको छोरी, श्याम सुन्दर जलानको श्रीमती, सुनसरी जिल्ला, छिटाहा गा.वि.स./उ.म.न.पा. वडा नं. ८ बस्ने **सन्तोष जलान...१** |
| **धितो सुरक्षणको विवरण :** |
| धनी सानिमा बैंक लिमिटेड **(ऋणी निकु कुमार जलान)** को नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको निम्न बमोजिमको गाडी : |

| मोडल | सवारीको नम्बर | च्यासिस नम्बर | ईन्जिन नम्बर |
|---|---|---|---|
| ISUZU D-Max Flat Deck 2019 | Pradesh 1-02-002 Cha-3955 | M3GTFR54JKB000134 | A1W542 |

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

# न्यायालयकै गेटमा धर्ना र आत्मदाहको प्रयास

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २१ चैत




गत माघ १७ गते जाजरकोट जुनीचाँदे गाउँपालिका-६ मइप बस्ने ३१ वर्षीय रामबहादुर शाही मृत अवस्थामा फेला परे। शाही जुनिचाँदे गाउँपालिका-५ स्थित शिवपुरी माध्यामिक विद्यालयमा भइरहेको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हेर्न गएका थिए।

खेलकुद कार्यक्रम हेरेर फर्किने क्रममा काहाँरे खोलामा उनी मृत अवस्थामा भेटिएको थिए। मृत फेला परेपछि ईलाका प्रहरी कार्यालय गर्खाकोटबाट प्रहरी नायब निरीक्षक पूर्णबहादुर रानाको टोली घटनास्थल पुग्यो। घटनास्थल थप शंकास्पद देखिएपछि जिल्ला प्रहरी कार्यालय जाजरकोटबाट प्रहरी निरीक्षक दिनेश तिमिल्सिनाको कमान्डमा थप टोली खटिएको थियो। घटनास्थलमा रगतजस्तो देखिने रातो पदार्थ भेटिएको र उनको टाउको र कानमा चोट लागेको देखिएपछि प्रहरीले थप अनुसन्धान थाल्यो। घटनास्थलको अवस्था हेर्दा शाहीको कुटपिटबाट मृत्यु भएको भन्दै प्रहरीले १ महिला र ६ पुरुषसहित ७ जनालाई पक्राउ गरेर थप अनुसन्धान अगाडि बढायो।

अनुसन्धानको क्रममा रामबहादुरको हत्यामा संलग्न भएको आरोपमा थप २ जना पक्राउ परे। प्रहरीले उनीहरुविरुद्ध जाजरकोट जिल्ला अदालतमा मुद्दा दायर गर्‍यो। रामबहादुरको हत्यामा संलग्न भएको आरोपमा सोही ठाउँका तुलाकुमारी शाही, बीरबहादुर शाही, जयबहादुर शाही, प्रेमबहादुर शाही, रत्नबहादुर शाही, मैसरा शाही, रेशमबहादुर शाही, रामबहादुर शाही र मइप १ नाबालकलाई पक्राउ गरेको थियो।

प्रहरीले उनीहरुविरुद्ध फागन ११ गते अदालतमा कर्तव्य ज्यान मुद्दा दर्ता गरायो। अदालतले फागुन १३ गते थुनछेक बहसपछि पाँच जनालाई धरौटी र चार जनालाई कारागार चलान गरिसकेको छ।

दुई लाख ५० हजारमा रत्न र एक लाख मैसराबाट धरौटी रकम माग गरेर अदालतले उनीहरुलाई छोड्न आदेश दिएको जाजरकोट जिल्ला अदालतका सूचना अधिकारी रामसिंह ठकुरीले जानकारी दिए। उनका अनुसार साधारण धरौटीमा रेशम, राम र मैप १ नाबालकलाई अदालतले छाड्ने आदेश दिएको थियो। थुनछेक बहसपछि पूर्पपक्षका लागि तुलाकुमारी, बीरबहादुर, जयबहादुर र प्रेमबहादुरलाई कारागार चलान गर्ने आदेश भएको सूचना अधिकारी ठकुरीको भनाइ छ। उनका अनुसार मुद्दा अहिले पनि अदालतमा चलिरहेको छ।

### चित्त नबुझेपछि उच्चमा

रामबहादुरकी श्रीमती निर्मलाले धरौटीमा अदालतले छाडेकोमा चित्त नबुझेको भन्दै छुटेकाहरुलाई थुनामा पठाइ पाउँ भन्दै उच्च अदालतमा निवेदन दर्ता गराएकी छन्।

जिल्ला अदालतको आदेश चित्त नबुझेपछि धरौटी छुटेकाहरुलाई थुनामा राखी पाउँ भनेर ७३ नम्बर अन्तर्गत मुद्दा अहिले उच्चमा विचाराधिन रहेको उच्च अदालत सुर्खेतका प्रवक्ता प्रेमप्रकाश थापाले बताए। उनले दिएको निवेदन प्रक्रियामा रहेको र जिल्ला अदालतबाट कैफियत माग भइसकेकाले प्रक्रियागतमा गइसकेको प्रवक्ता थापाले बताए। दुवै पक्षलाई जानकारी दिनुपर्ने अदालती प्रक्रियाका कारण पेशी तोकेर थप प्रक्रिया अघि बढ्ने उनको भनाइ छ।

### आत्मदाहको प्रयास

धर्नामा बसेकी निर्मलाले बिहीबार एकाएक अदालत अगाडि आत्मदाह गर्ने प्रयास गरिन्। श्रीमानको हत्यारालाई कारवाहीको माग राख्दै पेट्रोल छर्केर आगो लगाउने प्रयास गरेपछि उनलाई प्रहरीले नियन्त्रणमा लियो। उनीसँगै उनकी बहिनी सर्मिला (सरा कुमारी) शाहीलाई पनि प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी उपरीक्षक रुपेश खड्काले जानकारी दिए।

'शान्तिपूर्ण रूपमा धर्नामा बसिराख्नु भएको थियो हिजो एक्कासी शर्मिला शाहीले पेट्रोल ल्याएर छर्केर आगो लगाउन खोजेपछि हामीले नियन्त्रणमा लिएका हौं,' प्रहरी उपरीक्षक खड्काले मध्यान्हसँग भने, 'आगो लगाउन खोज्ने शर्मिलालाई प्रहरीले नियन्त्रणमा लिएपछि धर्नामा बस्नु भएको उहाँको दिदीले आफू पनि प्रहरी कार्यालय जान्छु भनेपछि कार्यालयमा ल्याएका छौं।'

**Navrajpur Rural Municipality**
**Office of Rural Municipal Executive**
**Navrajpur, Siraha**
**Madhesh Province**

**Invitation for Online Bids**

**Date of first Publication: 2081-12-22 (4 Apr., 2025)**

Navrajpur Rural Municipality, Office of Rural Municipal Executive, Navrajpur, Siraha invites electronic bids from Nepalese eligible bidders for following:

| S. N. | Contract Identification No. | Description and location of wok | Estimated Amount (with VAT and Provisional Sum) | Bid Document Purchase fee | Bid Security |
|---|---|---|---|---|---|
| 1 | NRM/NCB/ WORKS /2081/82-06 | Bipanna Pariwarko Lagi Nagrik Awas Bhawan Nirman Karya | 34,94,579.83 | 3,000 | 90,000.00 |

Bidder has to submit their bid electronically & download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (non refundable fee of NRs. 3,000, Rajaswa Sirsak No. 14229) for individual bidding document purchase in the Project's account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher should be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

Name of the Bank : NMB Bank, Nawarajpur
Name of Office : Navrajpur Rural Municipality, Office of Rural Municipal Executive
Aantarik Rajaswa Khata A/C No. : 1110085099400101 (For purchasing fee of bid doc.)
Sthaniya Taha Dharauti Khata A/C No.: 1110085099400255 (For Bid Security)
Office Code : 801021612

Only electronic bids must be submitted to the Office of Rural Municipal Executive, Navrajpur, Siraha through PPMO's website:www.bolpatra.gov.np/egp on or before 2082/01/21 (04 May, 2025) 12:00 noon. For further details, bidders are requested to visit Office of Rural Municipal Executive, Navrajpur, Siraha or PPMO's website: www. bolpatra.gov.np/egp.

Please notice that ammendments (if any)will be published only in http://bolpatra.gov.np/egp .

**Chief Administrative Officer**

# मायादेवी साझेदारी वनमा डढेलो नियन्त्रण गर्न 'एयर ब्लोर' प्रयोग



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २१चैत

कपिलवस्तुको मायादेवी साझेदारी वनमा डढेलो नियन्त्रण गर्न १७ जना वन हेरालुसहित एयर ब्लोर उपकरणको प्रयोग गरिएको छ। डिभिजन वन कार्यालय कपिलवस्तुको निर्देशनमा वन डढेलो नियन्त्रण गर्न एयर ब्लोर प्रयोग गरिएको हो।

कपिलवस्तुको सबैभन्दा पुरानो मायादेवी साझेदारी वनमा अत्यधुनिक एयर ब्लोर मेसिनको प्रयोग गरिएको सबडिभिजन वन कार्यालय पिपराका बरिष्ठ वन अधिकृत मोहन मिश्रले जानकारी दिए।

एक लिटर पेट्रोलमा २० एमएल मोबिल मिसाएर ब्लोर चलाउँदा एक घण्टासम्म काम गर्ने भएकाले ब्लोरको सहायताले पात पतिङ्गर सफा गरी फायर लाइन बनाउने डढेलो लागेपछि नियन्त्रण गर्न ब्लोरको प्रयोग गर्दा नोक्सान कम हुने, आगोको सानो लप्का भए नजिकै पुगेर र ठूलो लप्का छ भने टाढैबाट ब्लोर चलाएर पात हटाउँदै आगो फैलिनबाट रोक्न सकिने भएकोले यो प्रविधि निकै प्रभावकारी भएको वरिष्ठ वन अधिकृत मोहन प्रसाद मिश्रले बताए।

ब्लोर मेसिनबाट आएको हावाको वेगले पातपतिङ्र उडाएर स्थान परिवर्तन गर्छ। डढेलो लागेको पातलाई एकीकृत गर्दै अन्य पातसँगको सम्पर्क विच्छेद गरी आगो फैलिन नदिने सब डिभिजन वन कार्यालय पिपराका प्रमुख मिश्रले दाबी गरे।

कपिलवस्तुमा अतिक्रमणको चपेटामा पर्दै आएको मायादेवी साझेदारी वनले धेरै विकास निर्माणका काम गर्नुको साथै स्थानीयलाई रोजगारी समेत दिएको साझेदारी वनका अध्यक्ष दिनेश प्रसाद जयसवालले बताए।

अत्याधिक रुपमा वन अतिक्रमण भएको भन्दै यसलाई नियन्त्रणमा आफु लागेको र अझै अतिक्रमित जग्गालाई नियन्त्रण गर्ने जयसवालको भनाइ छ। अतिक्रमित नियन्त्रणमा लिएको करिब २० बिघा क्षेत्रफलमा गत वर्ष नै तारवार गरी सीमाना छुट्याइ बृहत् रुपमा विक्षरोपण गरिएको छ। सो साझेदारी वनले वास्तविक सुकुम्वासीलाई पहिचान गरी वन व्यवस्थापन गरिरहेको छ।

वनलाई वन व्यवस्थापन र ऐतिहासिक तथा पर्यटकीय हिसाबले समेत चिनाउँदै प्राचिन गौतमबुद्धको राजधानी तिलौराकोटका साथै खुला सांस्कृतिक संग्राहलय एवं सांस्कृतिक राजधानीको रुपमा परिचित रहेको कपिलवस्तु जिल्लाको आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक विकासलाई साझेदारी वनले सहयोग पुऱ्याएको उपभोक्ताहरु बताउँछन्। मायादेवी साझेदारी वनले उपभोक्ताहरुको आयआर्जन वृद्धि गर्ने र बेरोजगारी समस्या हटाउने गरी दिगो वन व्यवस्थान पर्यपर्यटन, जिविकोपार्जन र सुशासनको अनुभूति गराउँदै अझ सुन्दर बनाउन सबैको सहकार्य आवश्यक रहने अध्यक्ष जयसवालले बताए।

बाणगंगा नगरपालिका, शुद्धोधन गाउँपालिका र मायादेवी गाउँपालिकासँगै कपिलवस्तु जिल्ला, लुम्बिनी प्रदेश र राज्यको समेत सुन्दर भविष्य निर्माणमा मायादेवी साझेदारी वनको विस्तारमा योजना बनाइ अगाडि बढ्न स्थानीय सरकार, जिल्ला समन्वय समिति, प्रदेश र संघीय सरकारलाई अनुरोध गरिएको साझेदारी वनका वरिष्ठ उपाध्यक्ष सैलेन्द्रकुमार यादबले बताए।

साझेदारी वनमा नियमितरुपमा १९ जना कर्मचारी कार्यरत रहेको र वन क्षेत्रमा हुने अन्य विभिन्न गतिविधिहरुमा संलग्नताको आधारमा मासिक अन्य ४० देखि ४५ जना सम्मले रोजगारी प्राप्त गरेको पिपरा सब डिभिजन प्रमुख मोहन प्रसाद मिश्रले बताए।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

ॐ कार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
फोन नं.: ०१-४७९२५१७, ४७९३१८५-१२०
फ्याक्स : ९७७-१-४७८२५१७
Website: www.manjushreefinance.com
Email: info@ manjushreefinance.com.np

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८१/१२/२२**

यस वित्तीय संस्थाको विभिन्न शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तीय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिनभित्र कार्यालय समय भित्र आईपुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा ०८ औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो १:०० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। लिलामी कारवाही प्रकृया यस वित्तीय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ।

**तपसिल**

**१) ऋणीको नाम** : कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौंमा मिति २०७७/०४/२५ गते, दर्ता नं. २४०१३४/०७७/०७८ मा दर्ता भएको, स्थायी लेखा नं. ६०९७७८८२१ भई चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १२, मालपोत चोक स्थित रजिष्ट्रर कार्यालय रहेको **श्री एकता पोल्ट्री एण्ड प्रोपर्टीज प्रा.लि।**
**(प्रोप्राइटर : बामदेव गौली)**
**कर्जाको प्रकारः कृषी कर्जा तथा इन्दिरा अधिकारी गौलीको नाममा प्रवाह भएको आवास कर्जा, शेयर कर्जा तथा डिमाण्ड कर्जा**

| | |
|---|---|
| **प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : बामदेव गौली**<br>बाबु : रुद्रनाथ गौली<br>बाजे : रामचन्द्र गौली<br>ना.प्र.नं.: २०००<br>जारी मिति : २०४४/०३/०९, जि.प्र.का.: लमजुङ्ग<br>ठेगाना : लमजुङ्ग जिल्ला, मध्य नेपाल न.पा. वडा नं. ०३<br>हालः चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १२ | **व्यक्तिगत जमानिकर्ता : इन्दिरा अधिकारी गौली**<br>बाबु : बुद्धी सागर अधिकारी<br>पति : बामदेव गौली<br>ना.प्र.नं.: १५७४१/०६१<br>जारी मिति : २०६१/०६/१२, जि.प्र.का.: चितवन<br>ठेगाना : चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. १० को परिवर्तित चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १० |
| **व्यक्तिगत जमानिकर्ता : शिक्षा गौली**<br>बाबु : बामदेव गौली<br>बाजे : रुद्रनाथ गौली<br>ना.प्र.नं : ३५-०१-७५-०७३२०<br>जारी मिति : २०७५/०७/०६<br>जि.प्र.का : चितवन<br>ठेगानाः चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १० | **व्यक्तिगत जमानिकर्ता : बिमोचन गौली**<br>बाबु : बामदेव गौली<br>बाजे : रुद्रनाथ गौली<br>ना.प्र.नं : ३५-०१-७३-०७६६३<br>जारी मिति : २०७३/०६/३०, जि.प्र.का.: चितवन<br>ठेगाना : चितवन जिल्ला भरतपुर उ.म.न.पा. वडा नं.१० को परिवर्तित भरतपुर म.न.पा. वडा नं. १० |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**
**क) इन्दिरा अधिकारी गौलीको** नाममा मा.पो.का. चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. ६, नक्सा सिट नं. ६क स्थित कि.नं. ४०९६ को क्षेत्रफल २९२.१९ व.मि. को घर/जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत।
**ख) इन्दिरा अधिकारी गौलीको** नाममा मा.पो.का. चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. १०, नक्सा सिट नं. १०घ स्थित कि.नं. १२३० र ३९६ को क्षेत्रफल ६७.७२ व.मि. र २७५.११ व.मि. को घर/जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत।
**ग) बामदेव गौलीको** नाममा रहेको ग्लोबल आइएमई बैंक लि. को १,३८,२७१ कित्ता संस्थापक शेयर तथा भविष्यमा आर्जित बोनस शेयर तथा हकप्रद शेयर समेत।
**घ) बामदेव गौलीको** नाममा रहेको नविल बैंक लि. को १ कित्ता साधारण शेयर, सानिमा बैंक लि. को २५० कित्ता साधारण शेयर र प्रभु बैंक लि. को २५० कित्ता साधारण शेयर तथा भविष्यमा आर्जित बोनस शेयर तथा हकप्रद शेयर समेत।
**ङ) शिक्षा गौलीको** नाममा रहेको लक्ष्मी सन्राइज बैंक लि. को २४ कित्ता साधारण शेयर तथा भविष्यमा आर्जित बोनस शेयर तथा हकप्रद शेयर समेत।
**च) इन्दिरा अधिकारी गौलीको** नाममा रहेको ग्लोबल आइएमई बैंक लि. को ३३ कित्ता साधारण शेयर तथा भविष्यमा आर्जित बोनस शेयर तथा हकप्रद शेयर समेत।

**२) क. ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यलय, अन्तर्गत घरेलु तथा साना उद्योग कार्यालय विराटनगर मोरङमा मिति २०७८/०५/१३ गते, दर्ता नं. ३६१३७/०७८/०७९ मा दर्ता भएको, स्थायी लेखा नं. ६१६३५०२६७ भई मोरङ जिल्ला, सुन्दरहरैंचा न.पा., वडा नं. ०३ स्थित रजिष्ट्रर कार्यालय रहेको **श्री विराज किराना पसल।**
**कर्जाको प्रकार : सहुलियत कर्जा**
**ख. ऋणीको नाम : ओम प्रसाद पराजुली**
**कर्जाको प्रकार : व्यक्तिगत आवधिक कर्जा तथा आवास घर कर्जा**

**व्यक्तिगत जमानी दिनेहरुको विवरण**

| | |
|---|---|
| **प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : निर्मला पराजुली**<br>बाबु : मणि प्रसाद पराजुली<br>पति : ओम प्रसाद पराजुली<br>ना.प्र.नं. : ०९३००६/३१७<br>जारी मिति : २०६३/११/१६, जि.प्र.का., भोजपुर<br>ठेगाना : भोजपुर जिल्ला, षडानन्द न.पा., वडा नं. ०२<br>हाल : मोरङ जिल्ला, सुन्दरहरैंचा न.पा., वडा नं. ०३ | **ऋणीको/व्यक्तिगत जमानिकर्ता : ओम प्रसाद पराजुली**<br>बाबु : मणि प्रसाद पराजुली<br>बाजे : लिलाधर पराजुली<br>ना.प्र.नं. : २१२९/३८१३<br>जारी मिति : २०५८/०६/०७, जि.प्र.का., भोजपुर<br>ठेगाना : भोजपुर जिल्ला, षडानन्द न.पा., वडा नं. ०२<br>हाल : मोरङ जिल्ला, सुन्दरहरैंचा न.पा., वडा नं. ०३ |

**धितो सुरक्षणको विवरण**

१) ओम प्रसाद पराजुलीको नाममा मालपोत कार्यालय बेलवारी, मोरङमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):

| ठेगाना | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (वि/रो/व.मि.) |
|---|---|---|---|
| दुलारी-५ | ५छ | ५७६ | ०-०-१-० (१६.९३) |
| | | ३७८ | ०-०-१२-१ (२०७.३८) |
| | | ५६१ | ०-०-५-० (८४.६६) |
| | | ५७८ | ०-०-०-२ (८.४७) |
| | | ५५९ | ०-०-१-० (१६.९३) |

साथै, सम्पूर्ण लिगलगापात समेत।

| | |
|---|---|
| **३) ऋणीको नाम : इनरपती कुम्हैन**<br>बाबु : किसुन पडित<br>पति : महेन्द्र पडित<br>ना.प्र.नं.: ०९४६१५९८<br>जारी मिति : २०४४/११/०१, जि.प्र.का.: पर्सा<br>ठेगाना : पर्सा जिल्ला वसन्तपुर गा.वि.स. वडा नं. ०९ को परिवर्तित विरगंज म.न.पा. वडा नं. २४<br>**कर्जाको प्रकार : आवास कर्जा** | **ऋणीको नाम : अशोक पडित कुम्हार**<br>बाबु : महेन्द्र पडित कुम्हार<br>बाजे : शंकर पडित<br>ना.प्र.नं.: ०९४६२८६३<br>जारी मिति : २०६२/१०/११, जि.प्र.का.: पर्सा<br>ठेगाना : पर्सा जिल्ला वसन्तपुर गा.वि.स. वडा नं. ०९ को परिवर्तित विरगंज म.न.पा. वडा नं. २४ |
| **व्यक्तिगत जमानिकर्ता : सन्तोष कुमार पडित**<br>बाबु : महेन्द्र पडित कुम्हार<br>बाजे : शंकर पडित<br>ना.प्र.नं.: ०९४६२८१४<br>जारी मिति : २०६३/०४/१४, जि.प्र.का.: पर्सा<br>ठेगाना : पर्सा जिल्ला वसन्तपुर गा.वि.स. वडा नं. ०९ को परिवर्तित विरगंज म.न.पा. वडा नं. २४ | **व्यक्तिगत जमानिकर्ता : महेन्द्र पडित कुम्हार**<br>बाबु : शंकर पडित<br>बाजे : मंशी पडित<br>ना.प्र.नं.: ८६९७<br>जारी मिति : २०४८/०३/२२, जि.प्र.का.: पर्सा<br>ठेगाना : पर्सा जिल्ला वसन्तपुर गा.वि.स. वडा नं. ०९ को परिवर्तित विरगंज म.न.पा. वडा नं. २४ |
| **व्यक्तिगत जमानिकर्ता : भाग्यमती कुमारी पडित**<br>बाबु : महेन्द्र पडित कुम्हार<br>पति : अशोक पडित कुम्हार<br>ना.प्र.नं.: ३४-०१-७५-१७९३७<br>जारी मिति : २०७५/१२/२०, जि.प्र.का.: पर्सा<br>ठेगाना : पर्सा जिल्ला पोखरिया न.पा. वडा नं. ०२ हाल विरगंज म.न.पा. वडा नं. २४ | **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**<br>**इनरपती कुम्हैन**को नाममा मा.पो.का. पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, विरगंज उ.म.न.पा. वडा नं. १२ नक्सा सिट नं ११३०३५०१० स्थित कि.नं. १०० र ७४ को क्षेत्रफल ३२.७९ ब.मी. र ८०.०० ब.मी. को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत। |

**शर्तहरुः**

१. बोलपत्र फाराम यस वित्तीय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुने छैन।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निर्णय अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्ने छ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ०७ औं दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समयभित्र प्राप्त भई सक्नु पर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तीय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ। लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थानः मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय, नयाँ बानेश्वर**
**समय : दिउँसो १:०० बजे, मितिः २०८१/१२/२९ गते**

# बेरोजगार युवायुवतीलाई लोकसेवा कक्षा पढाउँदै सन्धिखर्क



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २१ चैत

सन्धिखर्क नगरपालिका अर्घाखाँचीले लोकसेवा आयोग र शिक्षक सेवा आयोगको तयारी कक्षा संचालन गरेको छ । लोकसेवा आयोग र शिक्षक सेवा आयोगको तयारी गर्ने चाहना भएका नगरबासी युवायुवतीहरूलाई लक्षित गरी उक्त कक्षा संचालन गरेको हो ।

नासु र खरिदारको तयारी कक्षामा सहभागी हुन ७८ वटा आवेदन परेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले जानकारी दिए । त्यसरी प्राप्त आवेदनमध्ये प्रवेश परीक्षाको आधारमा ७७ जना छनौट भएका थिए । यसैगरी शिक्षक सेवा आयोगतर्फ ५० जनाले आवेदन दिएका थिए । शिक्षक सेवा आयोग तयारी कक्षा लिन आवेदन दिएकामध्ये सबै तयारी कक्षामा सहभागी भएको सन्धिखर्क नगरपालिकाका प्रशासकीय अधिकृत भुसालको भनाइ छ ।

एक महिनासम्म संचालन हुने उक्त तयारी कक्षाका लागि नगरपालिकामा कार्यरत कर्मचारी, जिल्लाका विभिन्न कार्यालयमा कार्यरत कर्मचारी र आवश्यकता अनुसार जिल्ला बाहिरबाट समेत प्रशिक्षक झिकाएर फुल प्याकेजमा कक्षा संचालन गरेको प्रमुख प्रशासकीय अधिकृत भुसालको भनाइ छ

अघिल्ला वर्षहरुमा पनि शिक्षक सेवा आयोगको तयारी कक्षा संचालन गरेको वताउँदै सो कक्षामा सहभागीमध्ये धेरै जनाले शिक्षक सेवा आयोग पास गरी जिल्लाका विभिन्न विद्यालयमा सिफारिस भएको भुसालले जानकारी दिए ।

थोरै विकास बजेट कटौती गरेर लोकसेवा र शिक्षक सेवा आयोग तयारी कक्षा सुरु गरिएको नगर प्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए ।

लोकसेवा तयारी कक्षाको एक समारोहबीच सन्धिखर्क नगरपालिकाका नगरउपप्रमुख मिश्रा आचार्यले उदघाटन गरेकी छन् । कार्यक्रममा नगरपालिकाका सामाजिक विकास समितिका अध्यक्ष नारायण खड्का, वडा नम्बर १ का अध्यक्ष माधव श्रेष्ठ, वडा नम्बर २ का अध्यक्ष मोतिजंग रायमाझी, घरेलु कार्यालयका प्रमुख दुर्गा न्यौपाने, नगरपालिका महिला बालबालिका शाखाका प्रमुख बेलकुमारी परियार, कर्मचारीहरुको आधिकारिक ट्रेडयुनियनका अध्यक्ष कृष्ण बर्मा, पत्रकार महासंघ अर्घाखाँचीका अध्यक्ष गणेश खनाल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

**कतारमा रोजगार** कम्पनी : Mt'm Al shbrawa शहर : Doha पूर्व स्वीकृत मिति : २०८१/१२/२१ चलानी नं.: ६०२३५६१५ LT. No.: 321503

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steward/Dishwasher | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,६१० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaners (Male) | 5 | 0 | | 1000 | ३७,६१० | | | | | | | |
| 3. | Gen Clean Workers (Room Boys, Steward, Laundry Boy) | 4 | 0 | | 1000 | ३७,६१० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तरवार्ता यसै प्रा.लि.को कार्यालय सामाखुसीमा: २०८१ चैत्र २९ गते (11 Apr. 2025) मा हुनेछ ।

**White Gloves International Pvt. Ltd**
P.O.Box No.: 9688, Samakhusi, Kathmandu, Tel.: 01-4964953
Mob.: 9860114382, 9851278676, 9851276684, Email: whitegloves1060@gmail.com
Govt. Lic. No. 1060/073/074

**Malaysia मा रोजगार** Rapid Security Sdn Bhd
पूर्व स्वीकृती मिति: २०८१/१२/१९ चलानी नं. ६०२३५५६८ LTNo. : 321455

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security | 30 | काममा दक्ष | 1700 | ५२,६००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

Delta Zeeforce Security Services Sdn Bhd पूर्व स्वीकृती मिति: २०८१/१२/२१ चलानी नं. ६०२३५६३७ LTNo. : 321490

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security | 34 | काममा दक्ष | 1700 | ५२,६००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८१ चैत्र २९ गते (11 April, 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ ।

**Gulf Star Overseas Pvt. Ltd.** "Your Career Partner"
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL: gulfstaroverseas.com
Lic. No.: 1011/068/069

**BAHRAIN मा रोजगार** कम्पनी : BOSS SPA AND SALON शहर: ARAD
पूर्व स्वीकृत मिति: २०८१/०४/२१ चलानी नं.: ६०२२३१३० L.T. No.:308469 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/Worker | 9 | 0 | स. काममा दक्ष | 100 | ३२,२०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २९ गते (11 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सुगम ओभरसिज प्रा. लि.** इजाजत पत्र नं. ८३८/०६६/०६७
SUGAM OVERSEAS PVT. LTD.
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm

**युएईमा रोजगार** कम्पनी: SAMA ALYAMAMA ELECTROMECHANICAL CONTRACTING CO. L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/१२/१९ चलानी नं.: ६०२३५६०७ L.T. No.: 321439

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 13 | 0 | स. काममा दक्ष | 1200 | ४४,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: D C C TECHNICAL SERVICES CO शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/१२/१९ चलानी नं.: ६०२३५६०८ L.T. No.: 321440

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | GENERAL ELECTRICIAN | 5 | 0 | | 1200 | ४४,५९२ | | | | | | |
| 3. | Helper | 5 | 0 | | 1000 | ३७,१६० | | | | | | |
| 4. | Plumber | 5 | 0 | | 1200 | ४४,५९२ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ चैत २९ गते (11 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.** श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849835502, 9818106406, 9813571379, 9802853456, Chitwan : 9865087111 Ithari : 9851060167, Pokhara: 9802853454

## नबिल बैंक लिमिटेड, हेटौडा चिसापानी शाखा मकवानपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

प्रकाशित मितिः २०८१/१२/२२

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/०५/२६ को कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो **१५ दिने** सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **हेटौडा चिसापानी शाखा मकवानपुर**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ । यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

| | तपसिल |
|---|---|
| १ | **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण** |
| | प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग घरेलु तथा साना उद्योग कार्यालयमा हेटौडा मिति २०७४/०२/२१ प्रा.फ.र.नं ६७४६/७१९/२०७३/२०७४ अन्तर्गत दर्ता भएको **ए.पि.एफ. ट्रेड एण्ड सप्लायर्स ।** ठेगाना मकवानपुर जिल्ला, हेटौडा उ. म.न.पा वडा नं. १७ **ऋणी फर्मका प्रोप्राइटरः** विर बहादुरको नाती, अकल बहादुर वाईवाको छोरा, मकवानपुर जिल्ला हटिया गा.वि.स. वडा नं. ०३ बस्ने, ना.प्र.नं. २११६ (जारी मितिः २०५९/१०/०५, स्थान मकवानपुर) भएको **प्रेम बहादुर वाईवा ।** |
| | **व्यक्तिगत जमानतकर्ताको विवरण** |
| | सोम बहादुर थिङकी छोरी, अकल बहादुर वाईवाकी बुहारी, प्रेम बहादुर वाईवाकी श्रीमती, मकवानपुर जिल्ला, हटिया गा.वि.स. वडा नं. ०३ बस्ने ना.प्र.नं. ३१-०१-७०-०७५४३ (जारी मितिः २०७०-०७-१३, स्थानः मकवानपुर) भएकी **चप्फा वाइवा ।** |
| २ | **ऋणीको नाम र ठेगानाको विवरण** |
| | विर बहादुरको नाती, अकल बहादुर वाईवाको छोरा, मकवानपुर जिल्ला हटिया गा.वि.स.वडा नं.०३ बस्ने, ना.प्र.नं. २११६ (जारी मितिः २०५९/१०/०५, स्थान मकवानपुर) भएको **प्रेम बहादुर वाईवा ।** |
| | **व्यक्तिगत जमानतकर्ताको विवरण** |
| | सोम बहादुर थिङकी छोरी, अकल बहादुर वाईवाकी बुहारी, प्रेम बहादुर वाईवाकी श्रीमती, मकवानपुर जिल्ला, हटिया गा.वि.स. वडा नं.०३ बस्ने ना.प्र.नं. ३१-०१-७०-०७५४३ (जारी मितिः २०७०-०७-१३, स्थानः मकवानपुर) भएकी **चप्फा वाइवा ।** |
| | **संयुक्त धितोको विवरण** |
| | मकवानपुर जिल्ला हटिया गा.वि.स.वडा नं. ०३ बस्ने, प्रेम बहादुर वाईवा को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका मकवानपुर जिल्ला हटिया गा.वि.स. वडा नं. ०३ नक्सा सीट नं ४ मा अवस्थित कि.नं. ३७१७ र ३७१२ को क्षेत्रफल क्रमश ०-२-५-० र ०-०-१५-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा हेटौडा चिसापानी शाखा मकवानपुर**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०१/०५ गते १:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा हेटौडा चिसापानी शाखा मकवानपुर**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०१/०७ गते ३:०० बजे बैंकको **हेटौडा चिसापानी शाखा मकवानपुर**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ४:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा हेटौडा चिसापानी शाखा मकवानपुर**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## फुङलिङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फुङलिङ, ताप्लेजुङ

### सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२२**

यस फुङलिङ नगरपालिकाको कार्यालयका लागि चालु आ.ब.२०८१/०८२ मा आवश्यक स्टेशनरी तथा मसलन्द सामाग्रिहरु र स्वास्थ्य संस्थाहरुका लागि आवश्यक औषधी र स्वास्थ्य सुरक्षा सामग्रीहरु सिलबन्दी दरभाउ पत्रबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी/ तथा आपूर्ती कर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरुः**

१. सिलबन्दी दरभाउ पत्र पेश गर्ने व्यवसायीहरु तथा आपुर्ति कर्ताहरुले चालु आ.ब.को लागि नवीकरण भएको व्यवसाय दर्ता पमाण-पत्र, आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण-पत्र तथा मु.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय/इजाजत प्रमाण पत्रको प्रतिलिपि, औषधीको हकमा औषधी व्यवस्था विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य संलग्न राखी सिलबन्दी दरभाउ पत्र पेश गर्नुपर्नेछ।
२. सिलबन्दी दरभाउ पत्र सम्बन्धी अन्य जानकारीको लागि फुङलिङ नगरपालिकाको कार्यालय ताप्लेजुङको सम्पर्क नं. ०२४-४६०७२४, E-mail: info@phunglingmun.gov.np साथै PPMO website www.bolpatra.gov.np मा हेर्न सकिनेछ।
३. सिलबन्दी दरभाउपत्र पेश गर्ने व्यवसायीहरुले दरभाउपत्र पेश गर्दा PPMO's e-GP system www.bolpatra.gov.np/egp मार्फत सिलबन्दी दरभाउ पेश गर्नुपर्ने छ।
४. **दरभाउपत्र फाराम खरिद दस्तुरको बैंक दाखिला सम्बन्धी जानकारीः**
   - बैंकको नाम र ठेगानाः नेपाल बैंक लिमिटेड, शाखा कार्यालय ताप्लेजुङ।
   - कार्यालयको नामः फुङलिङ नगरपालिका, ताप्लेजुङ।
   - खाता नं. 06203000001001000002 (आन्तरीक राजश्व खाता)
   - राजश्व शीर्षक नंम्बरः १४२२९
६. सिलबन्दी दरभाउ पत्र पेश गर्दा PPMO's e-GP system www.bolpatra.gov.np/egp मार्फत मितिः २०८२/०१/०७ गते दिनको १२:०० बजेसम्ममा दर्ता गराई सक्नुपर्नेछ।
७. दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्र मिति २०८२/०१/०७ गते दिनको १:०० बजे दरभाउ पत्रदाता स्वं वा निजको प्रतिनिधि र कार्यालयको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
८. दरभाउ पत्रको मान्य अवधि दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनेछ।
९. दरभाउ पत्र दाताले जमानत बापतको रकम नगदै जम्मा गर्नु पर्ने भएमा फुङलिङ नगरपालिकाको कार्यालय ताप्लेजुङको ने.बै.लि. शाखा कार्यालय ताप्लेजुङ स्थित धरौटी खाता नं. 06203000003000000002 मा धरौटी रकम जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिनको (दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट) मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ।
१०. पेश भएका दरभाउ पत्र आंशिक, आइटम वाइज वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।
११. दरभाउ पत्रमा उल्लेखित सामाग्रीको परिमाण कार्यालयले आवश्यकता अनुसार थप घट गर्न सक्ने छ, थपघट भएता पनि दरभाउ पत्र दाताले कबोल गरेको दररेटमा परिवर्तन गर्न पाउने छैन।
११. खरिद गरिने औषधीको प्रयोग गर्ने अवधि यस कार्यालयको स्टोरमा दाखिला हुँदा कम्तिमा १८ महिना बाँकी रहको हुनुपर्ने छ। र १८ महिना एक्सपाइरी म्याद हुनेको हकमा कम्तिमा ७५% बाँकी रहेको हुनुपर्ने छ।
१२. दरभाउ पत्रदाताले आफूले दिन चाहेको औषधीको उत्पादन कम्पनी र उत्पादन भएको मुलुकको नाम प्रष्टसँग उल्लेख गर्नु पर्ने छ।
१३. दरभाउ पत्रदाताले सप्लाई गर्ने औषधी WHO-GMP Certified कम्पनिको हुनुपर्ने छ।
१५. दरभाउपत्र दाताले सप्लाई गर्ने प्रत्येक औषधीहरु औषधी व्यवस्था विभागमा दर्ता भएको हुनुपर्नेछ। औषधी प्याकिङ्ग (स्ट्रीप, बोत्तल) बाहिर औषधीको जेनेरिक नाम, शक्ति, उत्पादन मिति, एक्सपाइरी मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र ***"नेपाल सरकारबाट निःशुल्क वितरणको लागि"*** वा ***"यो औषधी बित्रीका लागि होइन"*** भनी प्याकिङ्गमा स्पष्टसँग उल्लेख भएको हुनुपर्नेछ। सो नलेखिएका औषधीहरु कार्यालयले लिने छैन।
१६. सप्लाई हुने सबै झोल तथा पाउडर औषधीहरु प्लाष्टिक बोत्तलमा प्याकिङ भएको हुनुपर्ने छ।
१७. दरभाउ पत्र पेश गर्दा स्टेशनरी तथा मसलन्द सामाग्री र औषधीजन्य सामानहरुको Price Schedule अनिवार्य पेश गर्नु पर्ने छ साथै उक्त Price Schedule र e-Bid मा पेश भएको BOQ को भ्याट बाहेकको रकमको आधारमा मूल्याङ्कन हुनेछ।
१८. दरभाउ पत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनुपर्ने छ साथै अपलोड गर्ने कागजातहरु PDF format मा हुनुपर्नेछ।
१९. यसमा उल्लेख हुन छुट भएका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम हुने छ।

**ठेक्का सम्बन्धी विवरण**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (मु.अ.कर बाहेकको) रु. | ठेक्का जमानत रकम रु. | दरभाउ पत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | SQ/PMTPJ/ Goods/07/082/81 | औषधी तथा सर्जिकल सामाग्री खरिद | १६,६०,३४८।- | ४१,५००। | १,०००।- |
| २. | SQ/PMTPJ/ Goods/08/082/81 | स्टेशनरी तथा मसलन्दा सामाग्री खरिद | १३,४२,७६४।- | ३३,०००। | १,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**

# 'कर्मा'को एक्सनप्रधान ट्रेलर



**काठमाडौं/मस–** चलचित्र 'कर्मा'को ट्रेलर सार्वजनिक भएको छ । काठमाडौंमा बिहीबार एक कार्यक्रम आयोजना गरेर 'कर्मा'को ट्रेलर सार्वजनिक गरिएको हो ।

ट्रेलरमा सिनेमाका मुख्य कलाकार अटाएका छन् । विपीन कार्की, उपासनासिंह ठकुरी, मुकुन भुसाल, सरिता गिरीलगायत कलाकार अटाएका ट्रेलरमा एक्सनले प्रधानता पाएको छ ।

सार्वजनिक ट्रेलरमा भ्रष्ट समाजले एक निर्दोष र सिधा युवालाई कुन हदसम्म पुऱ्याउँछ भन्ने देखाएको छ । आफ्नो उद्देश्य प्राप्तिका लागि हिँडेको युवा कसरी परिबन्धमा परेर गुण्डागर्दी र प्रहरीको कस्टडीसम्म पुग्छ भन्ने ट्रेलरमा समावेश छ ।

प्रेमसँगै आमाको आशीर्वाद र निर्दयी समाजको कथा सिनेमाको ट्रेलरले संकेत गरेको छ । विपीनलाई एक्सनमा उतारेका निर्देशक सौरभ चौधरीले एक्सनको जगमा बसेर पैसा र पावरका लागि मरिहत्ते गर्ने समाजको कथा भन्ने प्रयास गरेका छन् ।

'कर्मा'मा विपीन, उपासना, मुकुन र सरितासँगै दिव्यदेव, बेन बस्नेत, सुज्यान सिलवाल, अनिल बुढाथोकी, निर्मल शर्मालगायतको अभिनय छ । नयाँ वर्ष २०८२ को छेको पारेर चलचित्र 'कर्मा' आगामी २९ चैतमा रिलिज हुँदै छ । नेपाल र विदेशमा यो चलचित्र एकसाथ प्रदर्शन हुने छ ।

